# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष १० | अंक ३४४ | काठमाडौं | शुक्रबार, ३० चैत २०८० | Prabhab National Daily | Friday, April 12, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




संखुवासभाको चैनपुर नगरपालिका वडा नं. १ स्थित गुफापोखरी । *तस्विरः सुजन बज्राचार्य/रासस*

# सुदूरपश्चिममा नागरिक उन्मुक्ति पर्खंदै गठबन्धन



सरकार हाम्रै नेतृत्वमा बन्नुपर्छ भन्ने हाम्रो माग हो । यसका लागि हामी प्रयासरत छौं

**■ प्रकाश रावल**
संसदीय दलका उपनेता
एकीकृत समाजवादी



नेतृत्व नागरिक उन्मुक्तिले नै पाउने पक्का भइसक्यो । आज या भोलि नयाँ सरकार बन्छ

**■ कैलाश चौधरी**
संसदीय दलका नेता, नागरिक उन्मुक्ति पार्टी



नागरिक उन्मुक्तिमा विवाद हुँदा सरकार कसको नेतृत्वमा बन्ने हो भन्नेबारे अन्योल छ

**■ मानबहादुर धामी**
संसदीय दलका नेता
माओवादी केन्द्र

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** फागुन २० मा संघीय गठबन्धन परिवर्तन भएसँगै अधिकांश प्रदेशमा एमालेसहितको सरकार गठन भइसकेको छ । तर सुदूरपश्चिममा नागरिक उन्मुक्तिको पर्खाईले सरकारको नेतृत्व परिवर्तनमा ढिलाई भइरहेको छ ।

सात जना सांसद रहेको नागरिक उन्मुक्तिलाई मनाउन राजीनामा दिएर बसेका मुख्यमन्त्री कमलबहादुर शाहले ५ जनालाई मन्त्री बनाएर मनाउने कोशिश गरेका थिए । तर पार्टीको विवाद साम्य पार्न अवस्था नदेखिएपछि चैत २२ गते शाहले पदबाट राजीनामा दिइसकेका छन् ।

यता एमालेसहितको गठबन्धनलाई पनि नागरिक उन्मुक्ति बिना सरकार बनाउन मुश्किल देखिन्छ । नागरिक उन्मुक्तिलाई मुख्यमन्त्री दिएरै भएपनि नयाँ सरकार बनाउनुपर्ने जोडमा एमाले र माओवादी नेताहरू लागि परेका छन् ।

५३ सदस्यीय प्रदेशसभामा मुख्यमन्त्री नियुक्तिका लागि २७ सदस्यको समर्थन चाहिन्छ । यहाँ कांग्रेसका १८, माओवादी केन्द्रका सभामुखसहित ११, एमालेका १०, नागरिक उन्मुक्तिका सात, नेकपा (एकीकृत समाजवादी)का चार, राप्रपाका एक र एक स्वतन्त्र सदस्य छन् । नयाँ सरकार गठनका लागि माओवादीको ११, एमालेको १०, नागरिक उन्मुक्तिको सात र एकीकृत समाजवादीको चार गरी ३२ पुग्छन् ।

नागरिक उन्मुक्तिका अनुसार सबैभन्दा ठुलो दल माओवादी केन्द्रले नागरिक उन्मुक्तिलाई मुख्यमन्त्री दिने सहमति गरिसकेको छ । 'मुख्यमन्त्री र भौतिक मन्त्री लिएर हामी सरकारमा जाने सहमति भइसकेको छ,' सूदुरपश्चिम प्रदेशका पार्टी सचिवसमेत रहेका नेता श्याम बमले भने । घनश्याम चौधरीलाई कारबाही गरी रञ्जिताले हालै कैलाशलाई संसदीय दलको नेता बनाएका छन् ।

अल्पमतमा पर्ने देखिएपछि मुख्यमन्त्री कमलबहादुर शाहले पदबाट राजीनामा दिएसँगै चैत २३ गते प्रदेश प्रमुख नजिर मियाँले १० दिनभित्र नयाँ सरकार गठनका लागि आह्वान गरेका थिए ।

नयाँ सरकार गठनका लागि माओवादी केन्द्रले नागरिक उन्मुक्ति पर्खेको संसदीय दलका नेता मानबहादुर धामीले बताए । तर सत्ताकै कारण नागरिक उन्मुक्तिमा रेशम चौधरी र रञ्जिता श्रेष्ठबीच विवाद चर्किएको छ । 'नागरिक उन्मुक्तिमा विवाद हुँदा अन्योल छ । सरकार कसको नेतृत्वमा बन्नेबारे,' माओवादी केन्द्रका संसदीय दलका नेता धामीले भने ।

रेशम रञ्जिता श्रीमानश्रीमती हुन् । तर पार्टीको आधिकारिक अध्यक्षकै विवादमा दुई जनाको झगडाले घनश्याम चौधरीले संसदीय दलको नेताबाट बिदा हुनुपरेको छ भने इन्दिरा गिरीले सांसद पदबाट बिदा नै पाइसकेकी छिन् । विवादका कारण नागरिक उन्मुक्तिले नयाँ सरकारमा जाने या पुरानै सरकारमा बस्ने निर्णय गर्न सकेको छैन । यसबारे निर्णय लिन रञ्जिता सुदूरपश्चिम पुगेकी छिन् । संघीय गठबन्धनमा माओवादी-एमाले गठबन्धनलाई सहयोग गरेकाले सुदूरपश्चिममा पनि यही गठबन्धनलाई साथ दिनुपर्ने अडानमा रञ्जिता छिन् । रेशम भने कांग्रेस नेतृत्वको गठबन्धनलाई साथ दिनुपर्ने अडानबाट पछि हटेका छैनन् ।

(क्रमशः पृष्ठ २ मा)

# सुन, भुटानी शरणार्थी र सहकारी प्रकरणले तताएको वर्ष २०८०

**■ जेबी योञ्जन**

**काठमाडौं–** २०८० को वैशाख १ गते प्रधानमन्त्री पुष्पकमल दाहाल मन्त्रिपरिषद् विस्तारको सकसमा थिए । कारण, कांग्रेसको आन्तरिक किचलोले मन्त्री छान्न सभापति शेरबहादुर देउवा असमर्थ थिए । यद्यपि वैशाखको पहिलो सातासम्ममा मन्त्रिपरिषद्ले पूर्णता पायो ।

१० वैशाखमा भने चितवन- २, बारा- २ र तनहुँमा उपनिर्वाचन भयो । चितवन-२ मा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापतिसमेत रहेका वर्तमान गृहमन्त्री रवि लामिछाने र सोही दलका स्वर्णिम वाग्ले तनहुँबाट निर्वाचित भए । वाग्लेले चुनाव जितेको क्षेत्र राष्ट्रपति रामचन्द्र पौडेलको हो । बारा-२ मा जसपा अध्यक्ष





उपेन्द्र यादवले चुनाव जिते । यहाँबाट उपराष्ट्रिति रामसहायप्रसाद यादवले चुनाव जितेको थिए । उपचुनावमा कांग्रेसले एक सिट गुमायो । रास्वपाले एक सिट थप्यो । समग्रमा उपचुनावमा रास्वपाको लोकप्रियता बढ्यो ।

उपचुनाव सकिएको केही दिनमा केन्द्र सरकारसँग काठमाडौं महानगरको लफडा भयो । महानगरका मेयर बालेन शाहले सिंहदरबारको फोहोर उठाएनन् । अन्ततः अदालतले फोहोर उठाउन आदेश दिएपछि १६ औं दिनमा उठाए ।

वैशाखको अन्तिम साता प्रमुख तीन दल कांग्रेस, एमाले र माओवादी संक्रमणकालीन न्याय टुंग्याउन उपसमिति गठन गर्न सहमत भए । उपसमिति पनि गठन भयो । हाल उक्त समितिले टीआरसी विधेयकका अधिकांश विवादित विषय टुंगो लगाएको छ । केहीमा भने शीर्ष राजनीतिक तहमा समझदारी आवश्यक छ । जसले गर्दा विधेयक अड्किएको छ ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# 'घरेलु कामदारमा लगाइएको बन्देज झनै जोखिमपूर्ण'

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले घरेलु कामदारको रूपमा वैदेशिक रोजगारीको लागि जान बन्देज लगाएका कारण झनै जोखिम बढाएको एक अध्ययनले देखाएको छ । सरकारले लगाएको बन्देजका कारण घरेलु कामदार अवैध तरिकाबाट रोजगारीको लागि गन्तव्य मुलुकमा गइरहेको र यसले झनै जोखिम बढाइरहेको 'आप्रवासी महिला कामदार समूह' (आमकास) नेपालको अध्ययनले देखाएको हो ।

आमकास नेपालले लामो समयदेखि वैदेशिक रोजगारीमा जाने घरेलु महिला कामदारमाथि लगाइएको बन्देज खुला गर्न माग गर्दै आएको छ । यसले वैदेशिक रोजगारमा जाने महिला कामदारलाई सचेतना अभिवृद्धि तथा अलपत्र अवस्थामा परेकाहरूको उद्धार लगायतका कार्यमा सहयोग गर्दै आएको छ ।

नेपाली महिला नेपालबाट विभिन्न बाटो हुँदै बिचौलियामार्फत गन्तव्य मुलुकमा जाने गरेको अध्ययनमा उल्लेख छ । अवैध प्रक्रियाबाट त्यहाँ पुग्ने घरेलु महिला कामदारको सुरक्षाको कुनै ग्यारेन्टी नहुने र आर्थिक तथा शारीरिक शोषण पर्ने गरेको बताइन्छ । यसरी अवैध रूपमा विदेश गएका र उच्च जोखिममा



परेका सयौं घरेलु कामदार आमकास नेपालको सेल्टरमा आश्रय लिइरहेको पनि उल्लेख गरिएको छ ।

गत वर्ष सेल्टरमा १७२ जनाभन्दा बढीले अल्पकालिन रूपमा आश्रय लिएका थिए । उनीहरूलाई विभिन्न मुलुकबाट उद्धार गरीएको आमकास नेपालले जनाएको छ । उनीहरूमध्ये ७५ प्रतिशतको साथमा कुनै कागजात नभएको बताइएको छ । सेल्टरमा आएकामध्ये १४ जनालाई कुवेत, ओमन र युएइबाट उद्धार गरिएको थियो । यसरी सेल्टरमा रहेका ४० प्रतिशत बढी महिलालाई आकस्मिक स्वास्थ्य सेवा तथा कानुनी सेवा प्रदान गरिएको आमकास नेपालले जनाएको छ । अवैध तवरबाट बिचौलियामार्फत घरेलु कामदारको रूपमा गन्तव्य मुलुकमा जाने हुँदा त्यसबाट सिर्जित समस्या निराकरणमा राज्यले पहल गर्नुपर्नेमा जोड दिइएको छ ।

सरकारले लगाएको बन्देजका कारण घरेलु कामदारमाथि अझै जोखिम बढ्दै गएको आमकास नेपालकी कार्यकारी निर्देशक विजया राई श्रेष्ठले बताइन् । उनका अनुसार कानुनी रूपमा बन्देज भएपछि विभिन्न माध्यम प्रयोग गरी बिचौलियाले महिलालाई राम्रो आम्दानी हुने प्रलोभनमा पारी कुवेत, दुबई, ओमान, कतार, साउदी अरेबिया पुऱ्याउने गर्छन् । यसरी जाने महिलाहरू श्रम शोषणमा पर्ने, पारिश्रमिक नपाउने, मानव तस्करी तथा शारीरिक हिंसाको जोखिममा पर्ने गरेको उनको भनाई छ ।

# ठगी गर्ने दुई पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीको लागि युरोपेली मुलुक पोर्चुगल र पोल्यान्ड पठाइदिन्छु भन्दै प्रलोभनमा पारी ठगी गरेको आरोपमा दुई जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा स्याङ्जा हरिनास गाउँपालिका-७ घर भई काठमाडौं गोगंबु बस्ने कृष्णबहादुर चन्द र धादिङ गंगाजमुना गाउँपालिका- १ घर भई ललितपुरको सैपु बस्ने एलिजर तामाङ रहेको प्रहरीले जनाएको छ ।

चन्दले आकर्षक तलबमा पोर्चुगल पठाइदिने भन्दै सुरेश लामिछानेलाई ठगी गरेको बताइएको छ । उनले पीडितसँग पोर्चुगलको प्रतिष्ठित कम्पनीमा काम लगाइदिने विश्वास दिलाई पटकपटक गरी ११ लाख ५० हजार रूपैयाँ लिएर फरार भएको प्रहरी अनुसन्धानबाट खुलेको छ । चन्दलाई खोजतलासका क्रममा नयाँ बानेश्वरबाट पक्राउ गरिएको हो ।

त्यसैगरी तामाङले पनि पोल्यान्ड पठाइदिने भन्दै एक लाख ५० हजार रूपैयाँ ठगी गरेको प्रहरीले जनाएको छ । उनले सुरेश स्याङ्तानलाई पोल्यान्डमा आकर्षक तलबसहित प्रतिष्ठित कम्पनीमा काम लगाइदिने प्रलोभन देखाएर ठगी गरेको बताइएको छ । उनलाई खोजी गर्ने क्रममा थापाथलीबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

पीडितबाट रकम लिएर सम्पर्कविहीन भएका चन्द र तामाङलाई वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेका उनीहरू दुबै जनालाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।




# नक्कली बिलको सेटिङ भत्काउन प्रधानमन्त्रीको निर्देशन

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले राजस्व चुहावट रोक्दै अर्थतन्त्र सुदृढ गर्न नक्कली बिल जारी गर्ने र नक्कली स्टिकरको प्रयोग भइरहेको स्थितिबारे गम्भीरतापूर्वक अनुगमन गरी नियन्त्रणका लागि आवश्यक कदम चाल्न निर्देशन दिएका छन् । सिंहदरबारमा आयोजित राजस्व बृद्धि तथा चुहावट नियन्त्रण सम्वन्धी बैठकमा प्रधानमन्त्री कार्यालय, गृह मन्त्रालय र अर्थ मन्त्रालयका अधिकारीलाई प्रधानमन्त्रीले उक्त निर्देशन दिएका हुन् ।

'राजस्व चुहावट र अवैध व्यापारिक कारोबारमा हुने सेटिङ भत्काउने कार्यलाई प्राथमिकता दिनुहोस् । झुटा तथा नक्कली बिल बिजक र स्टिकरको प्रयोग भइरहेको सूचना आएको छ । त्यसको गम्भीर अनुगमन गर्नुस् र एक्सन लिनुस्,' बिहीबार प्रधानमन्त्री दाहालले भने । प्रधानमन्त्रीले नयाँ गतिका साथ काम गर्ने अठोट लिएर सरकार पुनर्गठन गरिएको बताउँदै सोहीअनुरूप क्रियाशील हुन निर्देशन दिए ।

'सरकारले नयाँ गतिका साथ काम गर्ने अठोट लिएको छ । मुलुक समृद्धिको बाधकका रूपमा रहेका भ्रष्टाचार, तस्करी र राजस्व छलीलाई निर्ममतापूर्वक हटाउनैपर्छ । जनतामा पैदा गरिएको निरासालाई चिनुपर्दछ । यसका लागि बिगतका परम्परागत प्रशासनिक कार्यशैली, व्यवहार र चिन्तनबाट सम्भव छैन । नयाँ सोचसहित अगाडि बढौं,' दाहालले भने ।

आन्तरिक बजारलाई व्यवस्थित तुल्याउँदै बिल लिने दिने प्रणाली प्रभावकारी बनाउनसमेत प्रधानमन्त्रीले निर्देशन दिए । उनले भने, 'आन्तरिक बजारमा बिल लिने दिने प्रणाली प्रभावकारी भएको छैन । कारोबारलाई आवश्यकताअनुसार प्रविधिमा रूपान्तरण गर्न सकिएको छैन । यस सम्बन्धमा सम्बन्धित राजस्व कार्यालयहरूले नियमित बजार अनुगमन गर्ने र सोको रिपोर्टिङ गर्ने व्यवस्था मिलाउनुहोस् । कर प्रशासनका सबै कार्यलाई पूर्ण प्रविधिमैत्री बनाउनेतर्फ ध्यान दिनुहोस् ।'

बैठकमा उपप्रधान एवं गृहमन्त्री रवि लामिछाने, अर्थमन्त्री वर्षमान पुन, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ, मुख्यसचिव डा बैकुण्ठ अर्याल, अर्थसचिव डा कृष्णहरि पुस्कर, राजस्व सचिव डा रामप्रसाद घिमिरे, गृहसचिव एकनारायण अर्याल, प्रधानमन्त्री कार्यालयका सचिवहरू, प्रहरी महानिरीक्षक वसन्त कुंवर, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, अर्थ मन्त्रालय मातहतका महानिर्देशकहरूको उपस्थिति थियो ।

### 'संसदीय छानबिन समिति बन्दैन'

प्रधानमन्त्री दाहालले प्रतिनिधिसभामा देखिएको गत्यावरोध अन्त्य गर्नका लागि राजनीतिक तहमा संवाद सुरु भएको र चाँडै समाधान हुने दाबी गरेका छन् । विराटनगरमा स्थानीय पत्रकारसँग संक्षिप्त कुराकानी गर्दै प्रधानन्त्री दाहालले पछिल्लो गतिरोधको समाधान राजनीतिक संवादबाटै समाधान हुने र त्यसका लागि राजनीतिक तहमा संवाद थालिएको बताए ।

प्रधानमन्त्री दाहालले सहकारीसँग सम्बन्धित समग्र विषयको अलगै र राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष एवं गृहमन्त्री रवि लामिछाने विषय अलगै अध्ययन गरेर समस्याको समाधान गर्न सकिने विश्वास व्यक्त गरे । 'अहिले रवि लामिछानेलाई नै केन्द्रमा राखेर समितिको माग गरिएको छ, त्यो मिल्ने कुरो छैन', प्रधानमन्त्री दाहालले भने, 'मैले सदनमा जवाफ दिँदा अनुसन्धानकर्तादेखि सम्बन्धित निकायका प्रमुख र सम्बन्धित जिल्लाका अधिकारीसँग के हो यो 'केस' भनेर सोधेको थिए । उहाँहरूले यस 'केस' मा रविजीलाई अनुसन्धान गर्ने ठाउँ छैन भन्नुभयो, सोही आधारमा मैले बोलेको हुँ ।'

प्रतिपक्ष दलले सहकारी क्षेत्रमा देखिएको समस्या समाधान गर्नेभन्दा पनि गठबन्धन फेरिएपछि राजनीतिक मुद्दा बनाइएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भने, 'पहिले हामीसँगै कांग्रेस सरकारमा थियो, त्यतिखेर यो मुद्दा सामान्य थियो, सरकारबाट निस्केपछि रविजीलाई केन्द्रमा राखेर समितिको माग गरिएको छ, यो राजनीतिक पूर्वाग्रहमा आधारित छ ।' दाहालले पछिल्लो राजनीतिक समीकरण भत्काउन गरिएको प्रयास सफल नहुने तर्क गरे ।

पृष्ठ १ बाट क्रमशः

## सुन, भुटानी...

केन्द्र सरकारले पूर्णता पाएपछि वैशाखको अन्तिमतिर प्रदेशहरूमा पनि कांग्रेस-माओवादीलगायत दलहरू आबद्ध गठबन्धनको सरकार बन्न थाले । त्यसबेला रवि लामिछाने नेतृत्वको रास्वपा सरकारमा जाने चर्चा थियो । अन्तिममा गएन ।

वैशाखको दोस्रो सातातिरै प्रसङ्ग हो । सुशासन कायम गर्ने प्रतीज्ञा गरेका प्रधानमन्त्री दाहाल र उनको सरकारमा गृहमन्त्री रहेका नारायणकाजी श्रेष्ठले शरणार्थी काण्डमा अनुसन्धान थाले । केही दिनमै पूर्वगृहसचिव टेकनारायण पाण्डे हुँद अन्ततः कांग्रेस नेता पूर्व गृहमन्त्री बालकृष्ण खाँण, एमाले सचिव रहेका पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझीलगायत पक्राउ परे ।

नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थीको परिचयपत्र बनाएर सरकारमै बसेर गरेको यो ठूलो ठगी प्रकरण हो । यो प्रकरण सेलाउन नपाउँदै टीकापुर घटनाका मुख्य दोषी ठहरिएका रेशमलाल चौधरीको रिहा प्रक्रिया अघि बढ्यो । त्यसका लागि सरकारले केही नेपाल ऐन संशोधन गऱ्यो । १५ जेठ २०८० मा त चौधरी कैद माफी मिनाहामा छुटे । जुन राजनीतिक सत्ता स्वार्थसँग जोडिएको थियो ।

तीन दिनपछि (१८ जेठ) मा बहुप्रतिक्षित नागरिकता विधेयक राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरे । प्रधानमन्त्री दाहाल सोही दिन भारत भ्रमणमा निस्के । जतिबेला उनलाई भारतलाई खुसी पार्न विधेयक प्रमाणीकरण गराएको आरोप लाग्यो । एमालेले विरोध गऱ्यो ।

पछि दाहाल भारतदेखि आउँदा मुर्रा भैंसी ल्याउन समझदारी गरे । समझदारीअनुसार मुर्रा भैंसी ल्याइए । जसबारे संसद् बैठकमा सांसदहरूले हाँसीमजाक पनि भयो ।

असारतिर भने सरकारको हेल्चेक्र्याइँले एनसेल मुद्दामा ४५ करोड गुमायो । त्यहीबेला शरणार्थी काण्डमा रायमाझी, खाँणसहित १६ जना आरोपीलाई पुर्पक्षका लागि थुनामा पठाइए । सत्ता गठबन्धनमा भने चिसोपन आउँदै थियो । यसलाई ध्यानमा राख्दै प्रधानमन्त्री दाहालले पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईको योजना मुताविक ३ असारमा समाजवादी मोर्चा गठन गरे । जुन मोर्चामा भट्टराईको दल अँटेन । माओवादी, जसपा, नेकपा एस र नेकपा रहे । मोर्चा गठन गर्नुको उद्देश्य कांग्रेस र एमालेलाई दबाबमा राख्न हो ।

गत असारमै सुशासनको पक्षमा रहेको बताउने तत्कालीन गृहमन्त्री नारायणकाजी श्रेष्ठले सीआईबीमार्फत ललिता निवासको सरकारी जग्गा हिनामिना प्रकरणमा कीर्तेअन्तर्गत अनुसन्धान गराए । अनुसन्धान सकेर सीआईबीले २३८ जनाविरुद्ध मुद्दा चलाउन सरकारी वकिल कार्यालय काठमाडौंलाई राय दियो । त्यसअनुसार चलेको मुद्दा अहिले विचाराधीन छ ।

असारमै मधेशकेन्द्रित दल लोसपामा गुट देखियो, अध्यक्ष महन्थ ठाकुर र वरिष्ठ नेता राजेन्द्र महतोको । हाल महतो राष्ट्रिय मुक्ति क्रान्तिको झण्डा बोकेर स्वदेशवादको नारा घन्काउँदै आन्दोलनमा छन् ।

कुशासनसँग जोडिएको जलहरी काण्ड पनि यही बेला पर्दाफास भयो । एमाले अध्यक्ष केपी शर्मा ओलीसँगै पशुपति क्षेत्र विकास कोषका पदाधिकारी मुछिए । यसबारे माओवादी सांसद राजन दाहालले संसदमै बोले । ओली नेतृत्वको एमालेले विरोध गऱ्यो । संसद् चल्नै दिएन । अन्ततः प्रधानमन्त्री दाहालले ओलीको संलग्नता नरहेको भन्दै आफ्नै दलका सांसद दाहालको अभिव्यक्ति संसद्को रेकर्डबाट हटाउने बताए । जुन अभिव्यक्ति हटाइयो । त्यसपछि संसद् चल्यो । तर, ४० तोला सुन सफा गर्नेक्रममा फेला पऱ्यो । अख्तियारले पनि यस काण्डमा हात हालेको थियो ।

साउन ३ गते भने ब्रेक सुमा लुकाएर ल्याएको तस्करीको ६० किलो सुन बरामद भयो । राजनीतिक कनेक्सन सिँधा देखिएको थियो । हङकङदेखि सुन ल्याएको देखियो । ९ किलो सुनकाण्डमा भने माओवादी उपाध्यक्षसमेत रहेका पूर्वसभामुख कृष्णबहादुर महरा, उनका छोरा राहुल पनि मुछिए । यही वर्षको फरक फरक महिनामा दुवै पक्राउ परे । राहुल थुनामै छन् । महरा भने रिहा भएका छन् ।

राजनीतिमा भने कांग्रेसको संस्थापनइतर पक्ष ओली नजिक भयो । कोशीमा कांग्रेससहितको गठबन्धनले माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोलाई मुख्यमन्त्रीको उम्मेदवार बनाउँदा कांग्रेसकै संस्थापनइतर पक्षबाट केदार कार्की उम्मेदवार बने । एमालेको समर्थनमा उनी बहुमतसहित मुख्यमन्त्री भए । हाल भने उनको सरकार कोशीमा धरापमा परेको छ । कोशी प्रदेश प्रमुख परशुराम खापुङले सरकार गठनको आह्वान गरेका छन् ।

२६ भदौमा संविधानसभा अध्यक्षसमेत रहेका इलाम २ बाट निर्वाचित एमालेका प्रतिनिधिसभा सदस्य सुवासचन्द्र नेम्बाङको निधन भयो । अहिले नेम्बाङको निधनपछि रिक्त रहेको इलाम-२ मा उपनिर्वाचनको तयारी भइरहेको छ । कात्तिकको दोस्रो साता संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस नेपाल भ्रमणमा आए । विकासोन्मुख देशहरूले सामना गर्नुपरेको जलवायु संकटबारे संसद बैठकमै सम्बोधन गरे ।

दसैंको बेला नेपालगञ्जका गुण्डा नाइके रिगल ढकाललाई कैद माफी मिनाहा गर्ने सरकारको निर्णयको आधारमा राष्ट्रपति रामचन्द्र पौडेलले माफी दिए । अनि, उनी रिहा भए । यो सर्वाधिक विवादित भयो । परिणामतः सर्वोच्चमै परेको पुनरावलोकन रिटको सुनुवाईको क्रममा रिगललाई बाँकी कैद भुक्तानीको लागि थुनामा राख्न आदेश भयो । जसअनुसार उनी फेरि थुनामा छन् ।

गत तिहार छेक (१८ कात्तिक)मा भने जाजरकोट केन्द्रविन्दु भएर ठूलो भूकम्प गयो । १५७ जना मृत्यु भयो । मंसिर ७ मा भने विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईंले बल्खुमा शक्ति प्रदर्शन गरे । एमालेको युवा संघका पूर्वअध्यक्ष महेश बस्नेतसँगको टकरावका बीच प्रसाईंले हिन्दु राष्ट्र फेरि कायम गर्ने भन्दै प्रदर्शन गरे ।

पुस १३ मा भने बालकुमारी घटना भयो । इपीएस परीक्षा दिएर कोरिया जानका लागि आन्दोलित युवाहरूमध्ये सुजन राउत र वीरेन्द्र शाह प्रहरीको बल प्रयोगबाट मारिएका थिए । त्यसबेला युवाहरू आन्दोलित भइरहेकै बेला तत्कालीन भौतिक पूर्वाधारमन्त्री प्रकाश ज्वाला बालकुमारी हुँदै कोटेश्वरतर्फ आउँदै थिए । त्यहीबेला युवाहरूले उनलाई रोकेपछि स्थिति तनावग्रस्त हुँदा प्रहरीले बल प्रयोग गरेको थियो । पछि गठन भएको जाँचबुझ आयोगले बालकुमारी घटनामा ज्वालालाई मुख्य दोषी ठहऱ्याएको थियो ।

माघको दोस्रो साता १९ जना राष्ट्रियसभा सदस्यका लागि चुनाव भयो । कांग्रेस-माओवादीसहितको गठबन्धनले १९ मध्ये १८ सिट जित्यो । एक सिट एमालेले कोशीमा जित्यो । माओवादीकी चम्पा कार्की पराजित भइन् । कार्की हार्नुमा माओवादीले कांग्रेसलाई दोष लगायो । गठबन्धनमा खटपट सुरु भयो ।

७ फागुनमा बसेको मन्त्रिपरिषद बैठकमा प्रधानमन्त्री दाहाल र अर्थमन्त्री डा. प्रकाशशरण महतबीच भनाभन भयो । सोही दिनदेखि तीन दिनसम्म ललितपुरको गोदावारीमा चलेको कांग्रेस महासमिति बैठकमा केही नेताले गठबन्धन सरकारको विरोध गरेका थिए । हिन्दु राष्ट्रबारे स्टल राखेरै हस्ताक्षर संकलन भएको थियो । यसपछि झन् प्रधानमन्त्री प्रचण्ड कांग्रेससँग चिढिए ।

यिनै घटनाक्रमको पृष्ठभूमिमा २१ फागुनमा कांग्रेस-माओवादीसहितको गठबन्धन टुट्यो । एमाले-माओवादीसहितको गठबन्धन बन्यो । फागुन ३० गते भने प्रधानमन्त्री दाहाले विश्वासको मत लिए । तुलनात्मक रूपमा उनले विश्वासको मत अघिल्ला पटकमा भन्दा कम पाए ।

●●●

## सुदूरपश्चिममा नागरिक...

यही विवादका कारण अध्यक्ष श्रेष्ठले रेशम पक्षका संसदीय दलका नेता घनश्यामको जिम्मेवारी खोसेकी थिइन् भने समानुपातिक सांसद गिरीलाई पदमुक्त नै गरिदिएकी थिइन् । रेशमले रञ्जिताको पछिल्लो कदमबारे मुख खोलेका छैनन् ।

हालै संसदीय नेता बनेका कैलाश चौधरीले पार्टीमा कुनै विवाद नरहेको बताए । उनले सरकारको नेतृत्व नागरिक उन्मुक्तिले पाउने दाबी गर्दै एक दुई दिनमै सरकार बन्ने बताए । 'नेतृत्व नागरिक उन्मुक्तिलाई नै दिने तय भइसकेको छ । यस विषयमा पार्टीमा कुनै विवाद छैन,' चौधरीले भने, 'वैशाख २ गतेसम्म त म्याद छ नि सरकार बनाउने ।'

माओवादी केन्द्रका संसदीय दलका नेता धामीले भने नागरिक उन्मुक्तिलाई शुक्रबारसम्म पर्खने बताए । 'नागरिक उन्मुक्तिलाई मुख्यमन्त्री दिइसकेको हो । तर निर्णय आइसकेको छैन,' धामीले भने । नागरिक उन्मुक्ति नआए एकीकृत समाजवादीलाई सरकारको नेतृत्व दिने तयारी गठबन्धनले गरेको छ । एकीकृत समाजवादीले दीर्घा सोडारीलाई नेतृत्वमा अगाडि बढाउने तयारी गरेको छ ।

'सरकार हाम्रै नेतृत्वमा बन्नुपर्छ भन्ने हाम्रो माग हो, हाम्रो नेतृत्वमा सरकार बने दलका नेता दीर्घा सोडारी मुख्यमन्त्री बन्नुहुन्छ,' एकीकृत समाजवादी सुदूरपश्चिमका संसदीय दलका उपनेता प्रकाश रावलले भने ।

मुख्यमन्त्रीमा चर्चा गरिएका कैलाश कैलाली निर्वाचन क्षेत्र नम्बर १ प्रदेशसभा (क) बाट निर्वाचित भएका हुन् । चौधरीले १५ हजार १०१ मत प्राप्त कांग्रेस गठबन्धनका तर्फबाट नेकपा (माओवादी केन्द्र)का उम्मेदवार दीर्घराज विनाडीले १० हजार ३७७ मत प्राप्त पाएका थिए ।

---

**नेपालगंज उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
नेपालगंज, बांके
लुम्बिनी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८०/१२/३०**

यस उपमहानगरपालिकाको तपशिल बमोजिमको ठेक्कामा पर्न आएका बोलपत्रहरु मध्ये न्यूनतम् मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखीएका तपशिल बमोजिमका बोलपत्रदाता छनौट भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं. | ठेक्का विवरण | छनौट भएको निर्माण ब्यवसायी तथा फर्मको नाम र ठेगाना | स्वीकृत कबोल अंक (रु.) |
|---|---|---|---|
| १. | Cooling Centre Construction Work बोलपत्र नं. NSMC/SQ/W06/080/081 | श्री लक्ष्मी निर्माण सेवा, जुम्ला | रु. १३,०४,१४९/२५ (भ्याट र पि.एस. बाहेक) |
| २. | Drain and Road Construction Work, Neplagunj 20 Banke बोलपत्र नं. NSMC/SQ/W04/080/081 | श्री शिवम कन्स्ट्रक्सन, बाँके | रु. १७,३३,४०६/८८ (भ्याट र पि.एस. बाहेक) |
| ३. | Maintainance of Public Toilet at Nepalgunj Sub-Metropolitan City बोलपत्र नं. NSMC/NCB/W15/080-081 | श्री चक्रराई कन्स्ट्रक्सन एण्ड सप्लायर्स, काठमाण्डौ | रु. १६,९३,५७२/५९ (भ्याट र पि.एस. बाहेक) |

**प्रमुख प्रशासकीय अधिकृत**

---

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १० अंक ३४३ चैत २९ गते २०८० मा प्रकाशित **Star Bridge Hr Solution Pvt.ltd.** को Lot No. 301879 को **Trans Delta Steel Works W.L.L** को विज्ञापनमा **अन्तर्वार्ता मितिः** २०८१ **वैशाख** १० र ११ **(12 & 23 Apr. 2024)** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ ।

Star Bridge HR Solution Pvt.Ltd.
Samakhusi, Town Planning-26, Ktm. Nepal,
Tel. No.: +977-01-5919160
Govt. License 1592/079/080
E-mail: starbridgehrsolutan124@gmail.com

---

**के.डि. एस. केबल नेटवर्क प्रा. लि. लाई**
**खारेज गर्ने सम्बन्धमा लिक्विडेटरको सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं. ८९७५१ मा दर्ता रहेको के. डि. एस. केबल नेटवर्क प्रा.लि. को मिति २०८०/१२/३० गतेको विशेष साधारण सभाको बैठकले प्रस्ताव पारित गरि कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने निर्णय गरेकोले कम्पनी ऐन अन्तर्गत कम्पनीको खारेजी (लिक्विडेशन) प्रक्रिया शुरू गरिएको छ । कोही कसैको यस कम्पनीमा पाउनु पर्ने बाँकी बक्यौता भएमा सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र तल उल्लेखित लिक्विडेटरको कार्यालयमा प्रमाण सहित दावी गर्नुहोला । कम्पनी ऐन, २०६३ बमोजिम दायित्व र भुक्तान गर्न बाँकी रहेको जायजेथा कम्पनीका शेयरधनीहरूलाई बाँडिने हुँदा तोकिएको म्याद भित्र दावी गर्न नआए पछि कुनै किसिमको उजुर दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचना मार्फत सुचित गरिन्छ ।

**लिक्विडेटरको कार्यालय**
**नामः ईश्वरी प्रसाद पौडेल, इजाजतपत्र नं ४११**
**ठेगानाः का.म.न.पा वडा नं. १०, बुद्धनगर, काठमाडौं**
**मो.नं.: ९८५१०००५२०**

---

**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **PREGO CONTRACTING AND CLEANING WLL**

पुर्व स्वीकृति मिति २०८०/१२/२८ LT. No. 303376 चलानी नं. ६०२१८२०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 5 | 0 | 1200 | ४४,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |
| 2 | General Clean Worker | 3 | 0 | 1000 | ३६,९७५ | | | | | | | |
| 3 | Painter | 3 | 0 | 1200 | ४४,३७० | | | | | | | |
| 4 | Reinforce Fitter | 4 | 0 | 1200 | ४४,३७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ७ गते (19th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SOE
**Shuvam Overseas Employment Pvt. Ltd.**
श्रम ईजाजत नं. ४९७/०६१/०६२
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9851196634, 9810125043, 9814462098
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

---

**Ramechhap Municipality**
**Office of the Municipal Executive**
**Ramechhap Bazar, Ramechhap**

**Invitation for Bids**

**Date of First Publication: 2080/12/30**

1. Ramechhap Municipality invites electronics bids from eligible bidders under the following contracts under National Competitive Bidding–Single Stage single Envelope Bidding procedures specified in Public Procurement Act and Regulations.

| Contract ID no. | Description of Works/ Bid Type | Minimum Bid Security Amount in NRs/Validity Period | Cost for bid documents in NRs |
|---|---|---|---|
| RM/11/080-081 | The Supply and Delivery of Roto Molded water Tanks (NS certified) | Nrs. 78,000 75 days | NRs. 3,000 |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Ramechhap Municipality. Website: www.ramechhapmun.gov.np & Phone No. 048-400012/16.
3. A complete set of bid document for bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Office account as specified below .
   Name of the Bank: Rastiya Banijya Bank,
   Office Code no. : 8010324023
   Office Account no: 1020100301010002(For Bid Document)
   Office Account no : 1020100303000002 (For Bid Security deposit).
4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon on 2081-01-30 along with copy of voucher of bid security deposit. Bids received after this deadline will be rejected. And the bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs on 2081-01-30 at the office.
5. If the last date of purchasing and submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



**इद पर्वको शुभकामना साटासाट**

इस्लाम धर्मावलम्वीहरूको महान चाड इद–उल–फित्र (इद)का अवसरमा बिहीबार सुनसरीको इनरुवास्थित जामे मस्जिदमा शुभकामना आदानप्रदान गर्दै मुस्लिम समुदाय । रमजान महिनाको एक महिने व्रत सकेर देशभरका मुस्लिम समुदायले बिहीबार धुमधामका साथ इद मनाएका छन् । *तस्बिरः नवीन गड्तौला/रासस*

# पर्सामा सामाजिक सद्भाव कायम राख्दै मनाइयो इद



**वीरगञ्ज (पर्सा)–** पर्सा जिल्लामा पनि इस्लाम समुदायले इद-उल-फित्र (इद) सामाजिक सद्भाव कायम राख्दै मनाएका छन् । इस्लाम समुदायले पर्सामा रहेका इदगाह तथा मस्जिदमा नमाज (प्रार्थना) गर्दै पर्व मनाएका हुन् । वीरगञ्ज महानगरपालिका-२ स्थित इदगाहचोकमा हजारौं संख्यामा रहेका मुस्लिम समुदायले एकापसमा खुसी साटासाट गरेर इद मनाएका छन् । वीरगञ्जका अन्य समुदायका धर्मावलम्बीले पनि एकापसमा शुभकामना आदानप्रदान गरेका छन् ।

वीरगञ्ज-२ छपकैयाँका शाहिद मियाँ सिद्धिकीले चाडपर्वलाई सामाजिक सद्भाव कायम गर्ने माध्यमका रूपमा अघि बढाउनुपर्ने बताए । 'वीरगञ्जमा हिन्दू, मुस्लिम, शिखलगायतका समुदायका मानिस एकापसमा सद्भाव कायम गरेर बसोबास गर्दै आइरहेका छौं,' उनले भने, 'मेरा हिन्दू तथा शिख समुदायका साथीहरूले इदको शुभकामना दिनुको साथसाथै आफ्नो चाडपर्वमा पनि बोलाउनुहुन्छ । हामी पनि इदमा उहाँहरूलाई बोलाउँछौं ।'

दुवै समुदायबीच शुभकामना साटासाट गर्दै आइरहेको सिद्धिकीको भनाइ छ । जुनसुकै चाडपर्वलाई पनि आपसी भाइचारा र सामाजिक सद्भाव कायम गर्नेगरी अघि बढाउन जरुरी रहेकामा उनले जोड दिए । वीरगञ्जका मस्जिद तथा इदगाहमा बालकदेखि ज्येष्ठ नागरिक उमेर समूहका मुस्लिम समुदायका मानिसको उपस्थिति थियो । साथै शारीरिकरूपमा अपांगता भएका तथा अशक्तता भएकाहरू पनि नमाज गर्नका लागि इदगाह तथा मस्जिदमा सहभागी भएका थिए ।

'हामीले इदको अवसरमा एक महिनासम्म भोकै बसेर रोजा 'व्रत' बस्यौं । अब नमाज पढेर रोजा तोडेका छौं,' मुस्लिम समुदायका अगुवा सहवीर अहम्मदले भने, 'आज हामीले घरमा इष्टमित्र बोलाएर सेबई र अरु मीठो परिकार खाने र खुवाउने परम्परा रहेको छ ।' उनका अनुसार मुस्लिम समुदायले आफ्नो आम्दानीको २.५ प्रतिशत रकम दुःखी तथा अनाथलाई सहयोग गर्ने परम्परा पनि रहिआएको छ ।

इदका दिन मुस्लिम समुदायका बर्तालु बिहानै मस्जिद र इदगाहमा पुगी सामूहिक नमाज पढेर आफू तथा आफ्नो परिवारको तर्फबाट भएको गल्तीको क्षमायाचना गर्दै अल्लाह (भगवान्)सँग आशीर्वाद लिने गर्दछन् । वीरगञ्जमा करिब ३० हजारको हाराहारीमा मुस्लिम समुदाय रहेको अनुमान गरिएको छ । वीरगञ्जमा इदगाहचोक, छपकैया, मुली, नगवा, नयकाटोलालगायत स्थानमा पुगी नमाज पढेर दुवा अर्थात् आशीर्वाद मागेको दृश्य देखिन्थ्यो । नमाज पढेर सकेपछि मुस्लिम समुदायले एकापसमा अंकमाल गर्दै इदको शुभकामना साटासाट गरी यो पर्व मनाएका छन् । *रासस*

# समुदायको स्वीकृतिविना 'क्लिनिकल ट्रायल' गर्न नहुनेमा जोड

**काठमाडौं (प्रस)–** कुनै पनि रोगविरुद्धको खोप/औषधिको 'क्लिनिकल ट्रायल' सामुदायको स्वीकृति लिएर मात्र गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को आयोजनामा यहाँ भएको १० औं स्वास्थ्य तथा जनसंख्या वैज्ञानिकहरूको शिखर सम्मेलनमा 'तथ्य र अनुसन्धानमा आधारित क्लिनिकल ट्रायल' विषयक छलफलमा समुदायको स्वीकृति लिएर मात्र 'क्लिनिकल ट्रायल' गर्नुपर्नेमा जोड दिइएको हो । औषधि व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद ढकालले क्लिनिकल ट्रायलका लागि मापदण्ड बने पनि प्रभावकारी नभएको बताए । उनले आयुर्वेद औषधिमा पनि 'क्लिनिकल ट्रायल' बनाइरहेको बताए ।

त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थानका अनुसन्धान विभागका प्रमुख डा. प्रदीप ज्ञवालीले क्लिनिकल ट्रायलका लागि अनुसन्धानलाई अघि बढाउनुपर्नेमा जोड दिए । उनले कोरोना भाइरस महामारीको बेला कोरोनाविरुद्धको खोपका लागि नेपालमा पहिलो 'क्लिनिकल ट्रायल' गरिएको बताए । उनले आफू परिषद्को सदस्यसचिव रहेको बेला 'क्लिनिकल ट्रायल'सम्बन्धी मापदण्ड बनाएको भन्दै त्यसलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने बताए । अक्सफोर्ड विश्वविद्यालय क्लिनिकल रिसर्च युनिटका नहिदा हकले समुदायको स्वीकृतिमा मात्र क्लिनिकल ट्रायल गनुपर्ने भन्दै क्लिनिकल ट्रायललाई गलत रूपमा प्रयोग गर्न नहुने बताए ।

परिषद्का इथिकल रिभ्यू बोर्डका डा. दिप्तेश अर्यालले क्लिनिकल ट्रायलसम्बन्धी नयाँ मापदण्ड बने पनि सार्वजनिक नगर्दा क्लिनिकल ट्रायल गर्न समस्या भएको बताए । परिषद्का वरिष्ठ अनुसन्धान अधिकृत डा. मेघनाथ धिमालले परिषद्सँग अनुमति लिएर गरिएका क्लिनिकल ट्रायल अनुसन्धानको आचारसंहिताअनुसार नै रहेको बताए ।

# वैशाख १ देखि ठमेल र दरबारमार्ग चौबिसै घण्टा खुल्ने

**काठमाडौं (प्रस)–** राजधानीको प्रमुख पर्यटकीय गन्तव्य ठमेलको भगवानबहाल क्षेत्रबाहेक अन्य क्षेत्र वैशाख १ गतेदेखि चौबिसै घण्टा खुल्ने भएको छ । ठमेल पर्यटन विकास परिषद् र दरबारमार्ग विकास बोर्डले बिहीबार पत्रकार सम्मेलन गरी ठमेलको भगवानबहाल क्षेत्रमा स्थानीय बसोबास गर्दै आइरहेकाले सो क्षेत्रलाई छाडेर अन्य क्षेत्र २४ सै घण्टा सञ्चालन गर्न लागेको जानकारी दिएको हो ।

पत्रकार सम्मेलनमा बोल्दै परिषद्का अध्यक्ष भविश्वर शर्माले ठमेलभित्र रोजगारी सिर्जना गर्दै व्यवसायलाई चलायमान बनाउनका लागि ठमेल र दरबारमार्गलाई २४सै घण्टा सञ्चालन गर्न लागेको जानकारी दिए । 'जिल्ला प्रशासन कार्यालय काठमाडौंको आचारसंहिताबमोजिम कानुनको परिधिमा रहेर ठमेल र दरबारमार्गलाई २४सै घण्टा सञ्चालन गर्न लागिएको हो,' उनले भने ।

अध्यक्ष शर्माले ठमेल र दरबारमार्गलाई चौबिसै घण्टा खुलाउन स्थानीय, प्रदेश र संघ सरकारका सुरक्षा निकायसँग सहकार्य गरिसकेकाले ढुक्क भएर व्यापार व्यवसाय गर्न सबै व्यवसायीलाई आग्रह गरे । ठमेलभित्र आठ हजार ५०० व्यवसायी र ६० हजारभन्दा बढीले रोजगार पाएको उनको भनाइ छ ।

दरबारमार्ग विकास बोर्डका अध्यक्ष सञ्जय अधिकारीले ठमेल र दरबारमार्ग क्षेत्रलाई स्वदेशी तथा विदेशी पर्यटकको आकर्षणको केन्द्र बनाउन २४सै घण्टा सञ्चालन गर्न लागिएको जानकारी दिए । उनले दरबारमार्गलाई लामो समयदेखि २४सै घण्टा खुलाउन प्रयास गरे पनि उक्त प्रयासले भर्खरमात्र सार्थकता पाएको बताए। महेन्द्र शालिकबाट नारायणहिटी दरबार संग्रहालयसम्म खुला हुने दरबारमार्गमा २०० व्यवसायी र छ हजार व्यक्तिले रोजगार पाएको उनको भनाइ छ । सहरको वातावरणलाई पर्यटकको अनुकूल बनाउँदै जानसके मात्र लगानी अनुरूप प्रतिफल प्राप्त गर्न सकिने पत्रकार सम्मेलनमा बताइएको छ ।

ठमेल र दरबारमार्गबाट सुरु भएको २४ घण्टा सञ्चालन गर्ने अभियानलाई विस्तारै देशका विभिन्न सहरमा लगिने विश्वास उनले व्यक्त गरे ।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PLATINUM HANDS PACKING & REPACKING SERVICES

पूर्व स्वीकृति मिति २०८०/१२/२३ LT. No. 303173 चलानी नं. ६०२१७९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 20 | 20 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packer | 60 | 0 | 800 | २९,००० | | | | | | | |

कम्पनी : MAYAR FACILITIES MANAGEMENT LLC

पूर्व स्वीकृति मिति २०८०/०९/०६ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२५ LT. No. 294971 चलानी नं. ६०२१०३७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 36 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAWARID SERVICES COMPANY LLC

पूर्व स्वीकृति मिति २०८०/०८/२४ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२५ LT. No. 296251 चलानी नं. ६०२११२७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forestry Worker | 143 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : A T V A TECHNICAL AND CLEANING SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/१०/०५ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२५ LT. No. 298333 चलानी नं. ६०२१३३२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 51 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ३ गते (15th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FUTURE STAR MANPOWER PVT. LTD.
श्रम ईजाजत नं. ३९७/०६०/०६१

**Future Star Manpower Pvt. Ltd.**
Samakhushi, Townplaning, Kathmandu, Nepal,
(Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322
Contact for Branch Office Jhapa (Birtamode) :- 023-533784 ,981-7914275 , 9803498035
Contact for Branch Office Kaski (Pokhara) :- 061591417 / 061501418, 9819100814, 9824194594
E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com



## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८०/१२/३०

तपशिलमा उल्लिखित ऋणीहरुले यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको कर्जाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना व्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चल अचल सम्पति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरधरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| **१. माधव ढकाल**<br>ना.प्र.नं. : ४४ ८८६०६<br>जारी मिति : २०५८/१२/२८<br>जि.प्र.का. : गोरखा<br>ठेगाना : चन्द्रागिरी ०६, काठमाडौं<br>बाबु : मुक्तिनाथ ढकाल<br>बाजे : रोहिनी प्रसाद ढकाल<br>**कर्जा शीर्षक : पेशागत कर्जा** | **दुर्गा सापकोटा**<br>ना.प्र.नं. : २६१/२००९६<br>जारी मिति : २०६५/०३/१७<br>जि.प्र.का. : धादिङ्ग<br>बाबु : राम प्रसाद सापकोटा<br>पति : माधव ढकाल<br>ससुरा : मुक्तिनाथ ढकाल |

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेलः info@nimb.com.np, वेबसाइटः www.nimb.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MJ BURGER INTERNATIONAL RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति २०८०/१२/२८ LT. No. 303405 चलानी नं. ६०२१८२६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook/chef | 13 | 0 | 150 | ६५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter/waitress | 2 | 0 | 150 | ६५,६१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ७ गते (19th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-32, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SPARKLING CLEAN GENERAL CLEANING

पूर्व स्वीकृति मिति : २०८०/१२/२८ LT. No. 303358 चलानी नं. ६०२१८२२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bell Man | 1 | 2 | 1300 | ४८,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ७ गते (19th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VALUE ENGINEERING CONSULTANCY WLL

पूर्व स्वीकृति मिति २०८०/१२/२८ LT. No. 303392 चलानी नं. ६०२१८२१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Receptionist | 0 | 1 | 2500 | ९२,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CAPTAINS SOLUTIONS SERVICES AND TRADE

पूर्व स्वीकृति मिति २०८०/१२/२८ LT. No. 303393 चलानी नं. ६०२१८२१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 5 | 0 | 1000 | ३६,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Welding Techinican | 3 | 0 | 1200 | ४४,३७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ७ गते (19th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### ठमेल र दरबारमार्ग राति पनि खुलाउन सुरक्षा र पूर्वाधार अतिआवश्यक

देशका पर्यटकीय क्षेत्रमा 'नाइट लाइफ' आकर्षण बढ्दो छ । धरान, पोखराजस्ता सहरमा मध्यरातसम्मै पर्यटक रमाउने चलन यसअघि नै शुरु भएको भए पनि काठमाडौंमा केही डिस्कोथेकबाहेक अरु क्षेत्रमा सम्साँझै बन्द हुन्छन् । देशकै राजधानी काठमाडौंमा रात्रीकालिन समयमा सवारी साधन पाउन पनि मुश्किल हुने र सुरक्षा पाउन कठिन छ ।

अझ साँझ नपर्दै प्रहरी आफै पसल बन्द गर्दै हिंड्ने प्रवृत्तिले अर्थतन्त्रमा गम्भीर असर पुगेको देखिएपछि सरकारले पर्यटकीय क्षेत्रलाई राति पनि खुल्ला राख्न आवश्यक सुरक्षा प्रबन्ध मिलाउने भएको छ । जसकारण राजधानीको प्रमुख पर्यटकीय गन्तव्य ठमेल र दरबारमार्ग अब राति पनि खुला हुने भएको छ । ठमेल पर्यटन विकास परिषद् र दरबारमार्ग विकास बोर्डले ठमेलको भगवानबहाल क्षेत्रमा स्थानीय बसोबास गर्दै आइरहेका क्षेत्रबाहेक ठमेल र दरबारमार्ग राति पनि खुला गराउने जनाएको हो ।

यसले रोजगारीको बढोत्तरी हुनुका साथै अर्थतन्त्रसमेत चलायमान हुने निश्चित छ । जिल्ला प्रशासन कार्यालयले पनि पर्यटन व्यवसायीको कदमलाई साथ दिने भएको छ । ठमेल र दरबारमार्गलाई चौबिसै घण्टा खुलाउन स्थानीय, प्रदेश र केन्द्र सरकारका सुरक्षा निकायसँग सहकार्य गरिसकेकाले ढुक्क भएर व्यापार व्यवसाय गर्न परिषद् र बोर्डले आग्रह गरेको छ । ठमेलभित्र आठ हजार पाँच सय व्यवसायी र ६० हजार बढीले रोजगार पाएकोमा अब रात्रिकालीन समयको व्यवसायले यसमा वृद्धि हुनेछ । यतिमात्र हैन वैदेशिक पर्यटकले खर्च बढाउनुका साथै व्यवसायिक क्षेत्रमा आर्थिक आम्दानीसमेत बढी हुने देखिन्छ ।

सहरमात्र खुला गरेर पनि पर्यटकीय गतिविधि बढ्ने हैन । रातको समयमा सेवा दिने यातायात सेवा प्रदायकले गन्तव्यमा पुग्न दोब्बर शुल्क लिने गर्छन् । विकसित देशमा मध्यरातसम्मै सार्वजनिक सवारी चल्ने र साधारण शुल्क लिने गर्दा पर्यटक निर्धक्कले घुम्छन् । ठमेल, दरबारमार्गका पर्यटक सहरका अरु क्षेत्रका हुन्छन् । उनीहरूलाई गन्तव्यसम्म सुरक्षित पुऱ्याउने विकल्प पनि सरकारले निर्माण गर्नुपर्छ । नभए ठमेल दरबारमार्ग पुरानै अवस्थामा फर्कन सक्छ ।

अझ ठमेल क्षेत्र र दरबारमार्ग क्षेत्रका व्यवसायीले पर्यटकीय र आकर्षक क्षेत्रको विस्तार पनि गर्नुपर्छ । डिस्कोमा नाच्ने र दोहोरीमा गाउनेमात्र विषयले पर्यटक आकर्षण बढ्न सकिन्न । यसका लागि धरहरा क्षेत्र राति पनि खुल्ला गर्ने, रात्रिजीवनमा आकर्षक हुने प्रकाशजन्य रंगीचंगी पूर्वाधारहरू तयार गर्नुपर्छ । राति नारायणहिटी दरबार संग्रहालयलाई पनि खुल्ला राख्न सके यसले पर्यटकलाई थप आकर्षण गर्नेछ । यसैले रात्रीकालीन व्यवसाय सुरक्षित र आकार्षित पार्न सुरक्षा, यातायात र पूर्वाधारमा विशेष ध्यान दिन जरुरी छ ।

## मनन्योग्य

### चाणक्य नीति

चाणक्यलाई देखेर महापद्म नन्द राजा झस्किए । तर, उनले सम्हालिएर भने- "के कुरा हो ब्राह्मणदेवता । तपाई को हुनुहुन्छ कहाँबाट आउनुभयो ?" चाणक्यले क्रोधपूर्ण स्वरमा जवाफ दिए- "राजा नन्द ! म को हुँ यो त पछि समयले बताउनेछ, तर म तक्षशिलाबाट आएको हूँ, मेरो जन्म यही मगध देशमा भएको हो, आम्भीले आत्मसमर्पण गरेको देखी यहाँ आएको थिएँ ।

सिकन्दरले मगध पनि आफ्नो अधीनमा नपारोस् उसलाई ईश्वरले व्यासबाटै फिर्ता गरे, तर देख्दछु नशा र सुन्दरीमा मदान्ध मगधदेशको राजा लर्खराउने खुट्टाले त्यो आँधीको सामना गर्न के सक्दथ्यो । राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । मन्त्री राक्षसले दण्डको डर देखाई राज्य सन्चालन सायद राम्रैसँग गरेकै होला तर जनताबाट नाना किसिमका कर लिई भरिएको राजकोप कसरी लुटाइरहेछ, यो सबैमा त्यो राक्षस त्यति नै दोषी छ जति नन्द दोषी छ । मैले नन्दलाई समाप्त गर्नैपर्छ मगधका लागि यस राजाको कुनै आवश्यकता छैन ।

मगधका लागि म आफै राजाको खोजी गर्नेछ । चाणक्यले दिएको बुद्धिले नै त्यो राजाले शासन गर्छ । चाणक्य यी सबै सोच्दै थिए । साप्ताहिक समीक्षाको कारवाही सुरु भयो। उनले देख दरबारिया मन्त्रीगण कसरी राजाको चाटुकारी गरिरहेछन् ।

यो देखी चाणक्यको रिस सीमाबाहिर भयो । क्रोधपूर्ण भई सभाका बीचमै उनी उत्रिए । यसरी रोषमा आएका, सफा धोती फेरेका, सेतो सफा कपडा काँधमा राखेका काला रंगका, अगाडिका दुई दाँत भाँचिएका अग्लो र दुब्लो शरीर, निधारमा त्रिपुण्डक धारण गरेका कपालविनाको शिर तर दुप्पी खुला पारेका, घाँटीमा रुद्राक्षमाला, काँधमा जनै ढल्दै गएको यौवन, एक साधारण ब्राह्मण तर मुखमा धविद्वत्ताको प्रचण्ड तेज भएका यस्ता अज्ञात ब्राह्मण बीच सभामा आएको देख्दा सबै झस्किए ।

# एलन मस्कको जीवनबाट सिक्ने कि ?



▶▶ नेत्र सुवेदी 'प्रयास'

असफल हुनासाथ नआत्तिने र धैर्यतापूर्वक त्यसबाट के कसरी बाहिर निस्कने र सफल कसरी बन्ने भन्ने रणनीति बनाउन सक्ने र निरन्तर आफ्नो मिसनमा अग्रसर हुने व्यक्तिका रूपमा मस्क चिनिन्छन् । टेलिफोन बुकको अवधारणामा स्थापना भएको जिपटु नामक कम्पनीमा सुरुमा लगानी जुटाउन धौधौ परेको भएता पनि यसको अनलाइन भर्सन थालनी भएपछि लगानी जुट्यो र उनले यसबाट नाफा कमाएरै छाडे । उनको नवीन क्षमताकै कारण पेपल नामक कम्पनीमा सहलगानी गर्ने अवसर जुट्यो ।

समकालीन विश्वमा एलन मस्कको नाम नसुन्ने व्यक्ति कमै होलान् । वर्तमानमा आफ्नो कामबाट सारा विश्वलाई प्रभाव पार्न सफल व्यक्ति हुन् उनी । उनी खासगरी उद्यमी युवामाझ त लोकप्रिय छँदै छन्, त्यसमा पनि उनले हालसम्म हासिल गरेका सफलता र ती सफलताका लागि गरेको संघर्ष तथा लगानीकर्ताको मन जित्नमा पाएको सफलता हेर्दा उनको प्रगतिमा रिस गर्नेहरू पनि कम छैनन् । उनी इञ्जिनियरमात्र होइनन् कि नवीकरणीय ऊर्जाबाट चल्ने सवारीसाधन एवं मानवतामैत्री 'आर्टिफिसियल इन्टेलिजेन्स' का वकालतकर्ताका साथै लगानीकर्तासमेत हुन् । उनले नयाँ नामकरण गरेको 'एक्स' अर्थात् ट्विटर एउटा चर्चित नेटवर्क साइट हो । ट्विटर र टेस्ला कम्पनीका माध्यमबाट संकलित डेटा पनि समग्र विश्वकै लागि एउटा ठूलो स्रोत हो, ऊर्जा हो । प्रविधिलाई साधन मान्ने हो भने डेटाचाहिँ सो साधनमा प्रयोग हुने इन्धन वा ऊर्जा नै हो ।

सन् २०२३ सेप्टेम्बर १२ मा एलन मस्कको बायोग्राफी बजारमा आयो । जीवनी पुस्तक उनले आफैंले भने लेखेका होइनन् । उनका बारेमा जानकारी राख्ने र एक नामी लेखकको चिनारी बनाइसकेका व्यक्तिले प्राप्त सूचनाका आधारमा उक्त बायोग्राफी तयार पारेका हुन् । सिएनएन र टाइमका पूर्वकार्यकारी अधिकृत वाल्टर आइज्याक्सन नै ती व्यक्ति हुन् जसले मस्कको बायोग्राफी तयार पारे । उनै व्यक्तिले यसअघि पनि लियोनार्दो द भिन्ची, बेञ्जामिन फ्रान्कलिन, अल्बर्ट आइन्सटाइन, स्टिभ जब्सकोसमेत जीवनी लेखन गरिसकेका छन् ।

विद्युतीय सवारीसाधन, निजी तवरबाट अन्तरिक्षको खोजी र आर्टिफिसियल इन्टेलिजेन्सको दबदबाको समयमा यी तीनवटै विषयमा लगानी गरी सफलसमेत भएका टेक आइकन हुन् एलन मस्क । दक्षिण अफ्रिकाको प्रिटोरियामा सन् १९७१ जुलाई २८ मा जन्मेका उनी १७ वर्षको उमेरमा क्यानडा र पछि अमेरिकामा बसोबास गरेका हुन् भने उनले गरेको खोज, अध्ययन, जोखिमसहितको काममा रमाउने र लगानीबाट भएको प्रतिफलकै आधारमा संसारकै धनी व्यक्तिसमेत बन्न सफल उनी सन् २००८ यता निरन्तर चर्चामा रहन सफल छन् ।

### मस्क संलग्न रहेका कम्पनी

भनिन्छ कि उनी कलेज पढ्दै गर्दा ब्लास्टर नामक सफ्टवेयर बनाएर बेचेका थिए । उनले लगानी गरेको पहिलो कम्पनी जिपटु हो जसलाई कम्प्याक कम्पनीले खरिद गरेको थियो । तत्पश्चात् सुरुमा एक डटकम नाम रहेको र पछि पेपल नामकरण भएको कम्पनीको खासगरी वित्तीय विश्वमा बदलाव ल्याउने उद्देश्यका साथ स्थापना भएको थियो । दुई वर्षमा दुई लाखभन्दा बढी प्रयोगकर्ता भए । आफ्नो उद्देश्यमा कम्पनी सफल भयो र पछि त्यो कम्पनी पनि ठूलो रकममा बिक्री भयो । यसपछि उनी लसएञ्जल्स गए, जहाँ उनले आफ्नो रुचि रहेको अन्तरिक्ष यान सम्बन्धमा अध्ययन गर्न र काम गर्न पाए । उनले अन्तरिक्ष यानसम्बन्धी कम्पनी स्पेस एक्सको स्थापना सन् २००२ मा गरे । सफल प्रयोगपछि नासाले पनि उनको कम्पनीलाई समेत सहकार्यका लागि अनुमति दियो ।

न्युरालिंक पनि मस्कले अघि बढाएको एउटा परियोजना हो, जसमा मानव ब्रेनमा माइक्रो चिप्स जडान गर्ने लक्ष्य लिइएको थियो । यसको पहिलो प्रयोग सफल भएको भनेर उनले सन् २०२४ जनवरी ३० मा पुष्टि गरेका छन् । यसको लागत सम्बन्धमा विवादहरू भएता पनि अमेरिकी डलर १० हजारमा एउटा चिप्स जडान हुने बताइएको छ । त्यसैगरी, इन्टरनेट सेवालाई सरल र सहज बनाउनका लागि उनले लोअर्बिट स्याटेलाइटका रूपमा स्टारलिंक सञ्चालनमा ल्याएर यसमा जोडिन विश्वव्यापी रूपमा आग्रहसमेत गरेका छन् ।

एआईका सम्बन्धमा पनि उनको चासो छ । जुनसुकै प्रविधि आफैंले राम्रो काम गर्दैन यसका लागि त मानवीय सक्रियता आवश्यक पर्दछ । यदि हामी सजग भएनौं र सुरक्षाका प्रबन्ध अपनाएनौं भने एआईले मानवलाई प्रतिस्थापन गर्ने जोखिम छ । उनी संलग्न रहेको ओपन एआईको रिसर्च ल्याव स्थापनाको लक्ष्य भनेकै एआईलाई मानव हित हुनेगरी सुरक्षित तवरले विकास गर्ने सम्भावना बढाउनु हो । मस्कको विचारमा एआईको दुरूपयोग गर्नबाट रोक्ने सबभन्दा गतिलो उपाय भनेको बढीभन्दा बढी मानिसहरूको सशक्तीकरण गर्नु हो ।

भनिन्छ कि उद्यमी हुने हो भने जोखिम लिन डराउन हुँदैन । मस्क जोखिमयुक्त काम गर्न सदा इच्छुक देखिन्छन् । उनले प्रारम्भ गरेका कम्पनीको प्रकृति हेर्दा जोखिमसँगै खेलेर अगाडि बढेको देखिन्छ । जोखिमको पूर्वानुमान गर्ने र जोखिम व्यवस्थापन गर्ने उनको क्षमता विशेष नै लाग्दछ । यसबाट उनले फाइदा लिन सकेका पनि छन् । २००० वर्ष अगाडि एरिस्टोटलले अगाडि सारेको 'फर्स्ट प्रिन्सिपल थिंकिङ' भन्नाले कुनै पनि चिजको मूलभूत आधारहरूको ज्ञान भन्ने बुझिन्छ । धेरैले यो सिद्धान्तको प्रयोग गरेको भएता पनि एलन मस्कले स्पेस एक्समा गरेको प्रयोगलाई सबैले बुझ्दछन् । उनले अन्तरिक्ष यानको मूल्य के कसरी घटाउन सकिन्छ भनेर यो थिंकिङको प्रयोग गरेका थिए ।

एलन मस्क एक इञ्जिनियर अनि एक सफल उद्यमी मात्र रहेनन् । उनी त विश्वकै धनी व्यक्ति पनि बने । सन् २०२१ सेप्टेम्बर २७ मा टेस्लाको कमाई अरूको भन्दा अगाडि आयो । पछि यो कम्पनीको बजार मूल्य घटेको हुँदा उनी धनी व्यक्ति भइरहन सकेनन् तर उनी बढी धनी १० जनामा अहिले पनि छन् ।

### मस्कको जीवनबाट सिक्नुपर्ने विषय

असफल हुनासाथ नआत्तिने र धैर्यतापूर्वक त्यसबाट के कसरी बाहिर निस्कने र सफल कसरी बन्ने भन्ने रणनीति बनाउन सक्ने र निरन्तर आफ्नो मिसनमा अग्रसर हुने व्यक्तिका रूपमा मस्क चिनिन्छन् । टेलिफोन बुकको अवधारणामा स्थापना भएको जिपटु नामक कम्पनीमा सुरुमा लगानी जुटाउन धौधौ परेको भएता पनि यसको अनलाइन भर्सन थालनी भएपछि लगानी जुट्यो र उनले यसबाट नाफा कमाएरै छाडे । उनको नवीन क्षमताकै कारण पेपल नामक कम्पनीमा सहलगानी गर्ने अवसर जुट्यो ।

सन् १९९९ मा पेपललाई सबभन्दा कमजोर व्यावसायिक आइडिया भनेर समेत प्रचार गरियो तर यसलाई प्रयोगकर्ताको पक्षबाट इनोभेट गरेर अनलाइन वा लेटको रूप दिएपछि भने यसले सफलताको भऱ्याङ चढ्यो । टेस्ला नामक कम्पनी डुब्नै लाग्दा र स्पेस एक्स लगभग अब डुब्यो भनेपछि पनि उनले जसोतसो लगानी जुटाए र अगाडि बढ्ने क्रममा यी दुवैदुवै कम्पनी चर्चाको शिखरमा पुगे र सफल पनि बने । उनको ट्विटरमा रहेको संलग्नता पनि विवादमुक्त रहेन । तथापि उनले ट्विटरलाई पनि चर्चामा ल्याउन सके । यी उदाहरणबाट के देखिन्छ भने यदि आफ्नो रुचिको क्षेत्रमा स्वप्रेरित भएर लागि पऱ्यो भने सफलता टाढाको विषय होइन ।

### उनको जीवनबाट पाइने आठवटा सन्देशलाई यसरी बुँदामा राख्न सकिन्छः

- असफलता र त्यसले दिने पीडाबाट सिक । असफलताबाट सिक्दै र धैर्यतापूर्वक कमजोरी हटाएर अगाडि बढ्नु उपयुक्त बाटो हो । यदि असफलता झेल्न सिकिएन भने नवप्रवर्तनकारी बन्न सकिदैन ।
- विज्ञ र पुस्तकबाट सिक । कम्पनी वा संगठन राम्रो हुने भनेको राम्रा व्यक्तिहरूबाट नै भन्ने विश्वास उनीमा देखिन्छ ।
- महत्त्वाकांक्षी लक्ष्य निर्धारण गर । निजी तबरबाट स्थापना गरिएको स्पेस एजेन्सीले मंगल ग्रह कब्जा गर्ने र भविष्यका लागि वैकल्पिक वस्तीको विषय उठान गर्नु कम्ती महत्त्वाकांक्षी हैन तर उनको क्षमता हेरेर यो विषयलाई उत्सुकतापूर्वक हेरिरहेका छन् । यसरी लक्ष्य राख्दा लामो समयपछि परिणाम आउने प्रोजेक्टका लागि पनि हेरेर अल्पकालीन फाइदाका लागि मात्र मरिमेट्नु हुँदैन भन्ने उनका लक्ष्यहरूले सिकाउँछन् ।
- आफ्नो कामको जिम्मा आफैं लिने गर । आफ्नो जिम्माको काममा हरेक पक्षको जानकारी राख्ने र परिणामप्रति आफूले जिम्मेवारी लिने गर्नु जीवनकै ठूलो कला हो । जुन कुरा गर्नु जरुरी छ त्यो काम तुरुन्त गर । महत्त्वपूर्ण काममा ढिलाइ गर्दा आफू त पछाडि परिन्छ नै । अर्को सोही कामको लागत पनि बढी पर्ने हुन्छ ।
- काम गर्ने तरिकालाई सरलीकृत गर । परिवर्तनमा रमाऊ । काम गर्ने तरिका परिवर्तन गरेर पनि आफ्नो प्रोजेक्ट या भनौं जीवनलाई सरल बनाउन सकिन्छ ।
- आफूमा विश्वास राख । आफ्नो सोच वा लक्ष्यप्रति विश्वास राख्दै निरन्तर र कडा परिश्रमका साथ लागिपर्नु आवश्यक छ । 'म गर्न सक्छु' भन्ने दृढ अठोट राख्नु सफलताका लागि महत्त्वपूर्ण छ ।
- हरेक नयाँ काम र आवश्यकता उपर प्रश्न गर । स्वभावतः जुन आवश्यक छ भनिएको छ त्यो गलत हुन्छ । जबसम्म आवश्यक छ भनेर सत्य सावित नभएको होस् । मस्कले विभिन्न समय र क्रममा अभिव्यक्त गरेका केही भनाइबाट समेत उनको जीवनमार्ग र विचारका सम्बन्धमा अनुमान लगाउन तथा केही सिक्न सकिन्छ । केही भनाइहरू यहाँ समेट्न खोजिएको छः
- सामान्य व्यक्तिमासमेत असमान्य व्यक्तित्व बन्ने सम्भावना रहन्छ ।
- यदि असफलताको अपेक्षा गर्दैनौं भने बुझे हुन्छ कि तिमी नवप्रवर्तनशील छैनौं ।
- सुन्दर र मानवीय भविष्यका लागि अहिले रहेका कतिपय समस्याको समाधानमा मेरो जोड छ । म पैसैका लागि मरिमेट्ने गर्दिन ।
- अन्तत्वगत्वा म मंगल ग्रहमा मर्न चाहन्छु ।
- लामो समय पर्खने कामका लागि हाम्रो जीवन छोटो छ ।
- आर्टिफिसियल इन्टिलिजेन्सको माध्यमले हामी राक्षसलाई काबुमा ल्याउँदै छौं ।
- धैर्यता निकै राम्रो गुण हो, म धैर्यवान् बन्न सिकिरहेको छु ।
- कुनै काम सम्भव छ भन्ने स्थापित गर्नु पहिलो पाइला हो, त्यसपछि त काम बन्ने सम्भावना हुन्छ नै ।
- कतिपय अवस्थामा कुनै व्यक्तिको ब्रेनलाई ज्यादा र उसको व्यक्तित्वलाई कम महत्त्व दिनु मेरो त्रुटि हो ।
- यो संसारमा धेरै राम्रा पुस्तक र मानिसहरू छन् । म पुस्तक पढ्छु र मानिसहरूसँग सल्लाह लिन्छु, सिक्छु ।
- सरकारले लगानी गर्छ भनेको सर्वसाधारण जनताकै तर्फबाट लगानी हो किनकि सरकारसँग हुने भनेकै जनताले तिर्ने कर वा शुल्कको पैसा हो ।

### फेरि पनि उनकै कुरा

'स्पेसएक्स'को स्थापनाअघि उनले ८० प्रतिशत मिहेनत इञ्जिनियरिङको अध्ययन र प्रयोगमा व्यतीत गर्थे भनिएको छ । मस्क स्वयं अध्ययनबाटै स्पेसक्राफ्टका चिफ इञ्जिनियर भएका हुन् । भनिन्छ कि उनले एक महिनामा ६० वटासम्म पुस्तक अध्ययन गरे । मस्कको हालसम्मको जीवनबाट भनौं या उनको जीवनशैली, अभिव्यक्ति, जीवन भोगाइबाट सिक्ने, बुझ्ने र अवलम्बन गर्ने भनेको जीवनलाई कसरी महत्त्वपूर्ण तर नवीन क्षेत्रहरूमा प्रवेश गराउने, मानव मात्रका लागि कसरी उपयोगी हुने गरी काम गर्ने तथा जरुरी कामहरूमा के कसरी प्रस्तुत हुने भन्ने नै देखिन्छ । उनमा घमण्ड देखिँदैन तर काम गर्ने दृढ इच्छा शक्ति भने पाइन्छ ।

विश्वविद्यालयको कक्षामा नगएर पनि सिक्न सकिन्छ भन्ने सिद्ध गर्ने उनी थप एक उदाहरण हुन् । भनिन्छ कि एलन मस्कको माइन्डसेट एवं उद्यमी र काम गर्ने तरिका नै समस्या समाधान गर्ने खालको छ । भविष्यमा पनि मानव मात्रको हितका लागि उनका सफलताका कथा पढ्न पाइने आशा गर्न सकिन्छ । *रासस*

*(लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव एवं प्रवक्ता हुन्)*

## पत्र-मञ्जुषा

### रेमिट्यान्सको भरमा अर्थतन्त्र कहिलेसम्म चल्ने ?

अन्य सरकारी कार्यालयको तुलनामा अहिले जिल्ला प्रशासन (सिडिओ) कार्यालय र राहदानी विभागमा एकदमै भीड छ । नागरिकता लिने र पासपोर्ट बनाउनेको संख्या उच्च छ । पासपोर्ट लगेर म्यानपावर कम्पनी वा कन्सल्टेन्सीलाई दिने अनि ऋणपान गरेर विदेश जाने क्रम केही वर्षयता ह्वात्तै बढेको छ । सरकार रेमिटयान्सका लागि नेपालीलाई भैँडाबाखाझैं बेचिरहेको छ । उनीहरूले रातदिन नभनी कमाएर पठाएको रेमिटयान्सले सरकारी खर्च धान्छ । सरकार नै दलालीलेको काम गरिरहेको छ ।

जसरी हुन्छ सरकारलाई पैसा चाहिएको छ । चाहे त्यसका लागि जनता खसीबोकाझैं बेच्न नै किन नपरोस् । नपढेकालाई खाडी, पढेकालाई अमेरिका, अस्ट्रेलिया र युरोपियन मुलुक । यसअघिका सरकारले खाडी मुलुक जानेलाई 'फ्रि भिसा, फ्रि टिकट' भनेको थियो । कागजात मिलाउनका लागि म्यानपावरले १० हजार रूपैयाँमात्र लिन पाउने भनिएको थियो । तर, त्यो निर्णय कार्यान्वयनमा आयो त ? म्यानपावरहरूले खाडी मुलुक जानका लागि चारदेखि पाँच लाख रूपैयाँसम्म असुलिरहेका छन् ।

त्यो पनि सरासर उडाइदिए हुन्थ्यो नि ! पासपोर्ट र पैसा पहिल्यै लिने अनि एक वर्षसम्म झुल्याइदिने । म्यानपावर सञ्चालक र एजेण्टको मिलोमतोमा सोझा मानिसलाई दुःख दिने काम भइरहेको छ । यहाँबाट एउटा काम भनेर पठाउँछन् । उता पुगेपछि भनिएको भन्दा ठ्याक्कै उल्टो काम हुन्छ । कतिपय महिनौंदेखि तलब नपाएर भोकभोकै रन्थनिएका हुन्छन् ।

कति नेपाल फर्किन सहायता खोज्दै हिँडेका छन् । महिलाहरू यौन शोषणको सिकार बन्न पुगेका छन् । यस्तो हुँदा पनि सरकार कहाँ छ ? सरकारलाई विदेशमा भएका नेपालीको अलिकति पनि माया लाग्दैन ? कमाउने सपना देखेर उडेकाहरू कफिनमा फर्किरहेका छन् । पैसा नभएर कतिपयको लाश विदेशी भूमिमै अलपत्र परेको छ । त्यही नेपालीले पठाएको रेमिटयान्सले आफ्नो खर्च धान्ने सरकारले उनीहरूको हकहितमा के काम गरेको छ ? काम गर्दागर्दै विदेशी भूमिमा ज्यान गुमाएकाको लाश त फर्काउन सक्दैन ।

कन्सल्टेन्सी झन् ठग संस्था बनेको छ । संस्थाको आवरणमा दिउँसै रात पार्ने काम यिनीहरूले गर्दै आएका छन् । राम्रो देश पठाइदिन्छु भन्दै पैसा उठाउने अनि कुलेलाम ठोक्ने । पछिल्लो केही समययता कन्सल्टेन्सीका नाममा ठगिनेहरू छ्याप्छ्याप्ती भेटिन्छन् । म्यानपावर र कन्सल्टेन्सीले सर्वसाधारणलाई धमाधम आफ्नो जालोमा पारेर लुटिरहेका छन् । एक महिनामा पठाउँछु भन्ने, पैसा लिने अनि वर्षौंसम्म झुलाइरहने प्रवृत्ति रोकिएको छैन ।

विदेशिन खोज्नेहरूलाई म्यानपावर र कन्सल्टेन्सीको चक्कर लगाउँदै ठिक्क भएको छ । सबै आफ्नै पैसा हालेर विदेश जानसक्ने अवस्थाका छैनन्, यहाँ । ऋण गरेर म्यानपावरमा बुझाउनेहरू यत्तिकै हुन्छन् । खुट्टामा एक जोर चप्पल नभएकालाई समेत म्यानपावरले ठग्छ । साहुसँग एक लाखको मासिक पाँच हजारदेखि ३० हजार ब्याज दिने सर्तमा ऋण ल्याएका हुन्छन् । तर, म्यानपावरले छिटोछरितो काम नगर्दा उनीहरू मर्कामा परेका छन् । एकातिर ब्याज बढेको बढ्यै हुन्छ, अर्कोतिर कहिले जाने ठेगान छैन ।

देशमा श्रम मन्त्रालय छ, श्रम विभाग छ । तर, तिनले श्रमिकका हकहितमा काम गरेचाँहि के ? राज्यको ढुकुटी रित्तो पार्नका लागि मात्र मन्त्रालय र विभागको स्थापना गरेकोजस्तो देखिँदैन ।

*– अनुसा थापा, भक्तपुर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs

**Head Office:** Kupondole, Lalitpur
**Tel:** 01-5970005,
**Email:** info@centralfinance.com.np
**Website:** www.centralfinance.com.np

# Extract of Audited Financial Statements of FY 2079/80

## Statement of Financial Position

### As on Asadh End 2080

| ASSETS | NOTE | ASHAD END 2080 | ASHAD END 2079 |
|---|---|---|---|
| Cash and cash equivalent | 4.1 | 819,902,679 | 548,457,237 |
| Due from Nepal Rastra Bank | 4.2 | 327,965,352 | 312,400,196 |
| Placement with Bank and Financial Institutions | 4.3 | - | - |
| Derivative financial instruments | 4.4 | - | - |
| Other trading assets | 4.5 | - | - |
| Loans and advances to B/Fis | 4.6 | 169,385,773 | 164,624,035 |
| Loans and advances to customers | 4.7 | 4,921,963,398 | 5,011,541,067 |
| Investment securities | 4.8 | 1,712,506,669 | 1,629,346,225 |
| Current tax assets | 4.9 | 34,192,318 | 26,538,138 |
| Investment in subsidiaries | 4.10 | - | - |
| Investment in associates | 4.11 | - | - |
| Investment property | 4.12 | 681,270 | 681,270 |
| Property Plant and Equipment | 4.13 | 207,931,677 | 202,962,572 |
| Goodwill and Intangible assets | 4.14 | 2,305,743 | 1,754,451 |
| Deferred tax assets | 4.15 | 6,306,430 | - |
| Other assets | 4.16 | 48,488,541 | 35,159,311 |
| **TOTAL ASSETS** | | **8,251,629,850** | **7,933,464,502** |
| **LIABILITIES** | | **ASHAD END 2080** | **ASHAD END 2079** |
| Due to Bank and Financial Institutions | 4.17 | 197,748,634 | 237,173,864 |
| Due to Nepal Rastra Bank | 4.18 | - | 300,230,137 |
| Derivative financial instruments | 4.19 | - | - |
| Deposits from customers | 4.20 | 6,755,855,320 | 6,089,460,930 |
| Borrowing | 4.21 | - | - |
| Current Tax Liabilities | 4.9 | - | - |
| Provisions | 4.22 | - | - |
| Deferred tax liabilities | 4.15 | - | 3,906,028 |
| Other liabilities | 4.23 | 96,957,881 | 91,455,848 |
| Debt securities issued | 4.24 | - | - |
| Subordinated Liabilities | 4.25 | - | - |
| **TOTAL LIABILITIES** | | **7,050,561,835** | **6,722,226,807** |
| **EQUITY** | | | |
| Share Capital | 4.26 | 948,875,459 | 948,875,459 |
| Share premium | | 442,546 | 442,546 |
| Retained Earnings | | (2,886,923) | 50,650,223 |
| Reserves | 4.27 | 254,636,933 | 211,269,467 |
| **TOTAL EQUITY ATTRIBUTABLE TO EQUITY HOLDERS** | | **1,201,068,015** | **1,211,237,695** |
| **NON-CONTROLLING INTEREST** | | | |
| **TOTAL EQUITY** | | **1,201,068,015** | **1,211,237,695** |
| **TOTAL LIABILITIES & EQUITY** | | **8,251,629,850** | **7,933,464,502** |
| Contingent liabilities and commitment | 4.28 | 20,914,782 | 19,458,485 |
| Net assets value per share | | 126.58 | 127.65 |

## Statement of Profit or Loss

### For the year ended Ashad End 2080

| Particulars | NOTE | ASHAD END 2080 | ASHAD END 2079 |
|---|---|---|---|
| Interest income | 4.29 | 928,731,201 | 725,854,669 |
| Interest expense | 4.30 | 670,399,761 | 496,861,239 |
| **Net interest income** | | **258,331,440** | **228,993,430** |
| Fee and commission income | 4.31 | 21,334,593 | 38,110,842 |
| Fee and commission expense | 4.32 | - | - |
| **Net fee and commission income** | | **21,334,593** | **38,110,842** |
| **Net interest, fee and commission income** | | **279,666,033** | **267,104,272** |
| Net trading income | 4.33 | - | - |
| Other operating income | 4.34 | 1,375,578 | 5,474,573 |
| **Total operating income** | | **281,041,611** | **272,578,845** |
| Impairment charge/(reversal) for loans and other losses | 4.35 | 53,949,056 | 44,676,600 |
| **Net operating income** | | **227,092,555** | **227,902,245** |
| **Operating expense** | | | |
| Personnel expenses | 4.36 | 90,092,538 | 85,780,508 |
| Other operating expenses | 4.37 | 41,701,723 | 35,878,708 |
| Depreciation & Amortization | 4.38 | 30,979,488 | 27,572,791 |
| **Operating Profit** | | **64,318,806** | **78,670,238** |
| Non operating income | 4.39 | 263,189 | 1,169,356 |
| Non operating expense | 4.40 | 10,243,759 | 24,350 |
| **Profit before income tax** | | **54,338,236** | **79,815,244** |
| Income tax expense | 4.41 | | |
| Current Tax expenses | | 21,693,424 | 26,354,649 |
| Deferred Tax Expenses/(Income) | | (8,537,505) | (2,529,224) |
| **Profit for the period** | | **41,182,317** | **55,989,819** |
| **Profit attributable to:** | | | |
| Equity holders of the Bank | | 41,182,317 | 55,989,819 |
| Non-controlling interest | | - | - |
| **Profit for the period** | | **41,182,317** | **55,989,819** |
| **Earnings per share** | | | |
| Basic earnings per share | | 4.34 | 5.90 |
| Diluted earnings per share | | 4.34 | 5.90 |

## Statement of Cash Flow

### For the year ended Ashad End 2080

| Particulars | ASHAD END 2080 | ASHAD END 2079 |
|---|---|---|
| **CASH FLOW FROM OPERATING ACTIVITIES** | | |
| Interest received | 802,492,271 | 648,376,735 |
| Fees and other income received | 21,134,814 | 38,110,842 |
| Dividend received | - | - |
| Receipts from other operating activities | 263,189 | 1,169,357 |
| Interest paid | (664,304,185) | (490,840,925) |
| Commission and fees paid | - | - |
| Cash payment to employees | (90,420,686) | (91,778,691) |
| Other expenses paid | (53,003,864) | (43,604,238) |
| **Operating cash flows before changes in operating assets and liabilities** | **16,161,539** | **61,433,080** |
| **(Increase)/ Decrease in operating assets** | | |
| Due from Nepal Rastra Bank | (15,565,156) | (40,385,924) |
| Placement with bank and financial institutions | - | - |
| Other trading assets | - | - |
| Loan and advances to bank and financial institutions | (4,810,252) | (69,792,335) |
| Loan and advances to customers | 78,362,249 | (915,449,035) |
| Other assets | (10,330,668) | 66,566,736 |
| **(Increase)/ Decrease in operating liabilities** | | |
| Due to bank and financial institutions | (39,425,230) | (8,003,117) |
| Due to Nepal Rastra Bank | (300,230,137) | 234,561,452 |
| Deposits from Customers | 666,394,390 | 816,114,691 |
| Borrowings | - | - |
| Other Liabilities | (3,650,905) | 3,379,828 |
| **Net Cash flow from operating activities before tax paid** | **386,905,829** | **148,425,376** |
| Income taxes paid | (29,347,604) | (42,264,485) |
| **Net Cash flow from operating activities** | **357,558,225** | **106,160,891** |
| **CASH FLOW FROM INVESTING ACTIVITIES** | | |
| Purchase of investment securities | (84,981,406) | (49,239,864) |
| Receipt from the sale of investment securities | - | 100,000,000 |
| Purchase of property and equipment | (25,012,950) | (35,113,736) |
| Receipt from the sale of property and equipment | 30,008 | 55,022 |
| Purchase of intangible assets | (1,181,980) | (2,162,480) |
| Receipt from the sale of intangible assets | - | - |
| Purchase of investment properties | - | - |
| Receipt from the sale of investment properties | - | 3,550,832 |
| Interest received | 70,744,185 | 70,824,838 |
| Dividend received | 1,357,377 | 3,821,512 |
| **Net cash used in investing activities** | **(39,044,766)** | **91,736,124** |
| **CASH FLOW FROM FINANCING ACTIVITIES** | | |
| Receipt from issue of debt securities | - | - |
| Repayment of debt securities | - | - |
| Receipt from issue of subordinated liabilities | - | - |
| Repayment of subordinated liabilities | - | - |
| Receipt from issue of shares | - | - |
| Dividends paid | (47,068,017) | (28,939,130) |
| Interest paid | - | - |
| Other receipt/ payment | - | - |
| **Net cash from financing activities** | **(47,068,017)** | **(28,939,130)** |
| **Net increase/ (decrease) in cash and cash equivalents** | **271,445,442** | **168,957,885** |
| **Cash and cash equivalents at Shrawan 1, 2079** | **548,457,237** | **379,499,352** |
| Effect of exchange rate fluctuations on cash and cash equivalents held | - | - |
| **Cash and cash equivalents at Ashad end, 2080** | **819,902,679** | **548,457,237** |

## Capital Adequacy Table

### For the year ended Ashad End 2080

| | |
|---|---|
| **a. Tier 1 capital and a breakdown of its components** | |
| **Particulars** | **AMOUNT** |
| Paid up Capital (ordinary shares) | 948,875,459 |
| Proposed bonus share | |
| Share premium | 442,546 |
| Irredeemable preferential share | |
| General Reserve Fund | 176,578,499 |
| Accumulated profit/loss (Retained earnings) | (2,886,923) |
| Profit & loss a/c as per balance-sheet | |
| Capital Redemption Reserve Fund | |
| Capital Adjustment Fund | |
| Calls in advance | |
| Other Free Reserves | |
| **Deductions:** | |
| Goodwill | - |
| Deferred tax assets | - |
| Investment on shares and securities in excess of limits | 10,722,720 |
| Investment to the company having financial interests | - |
| Fictitious Asset | - |
| Investment on land and building for self use not complying the Directives of NRB | - |
| Investment on land development and housing construction in excess of limits | - |
| Underwriting share not sold within the stipulated time | - |
| Credit and other facilities banned by the prevailing laws | - |
| Other Deductions | 7,474,086 |
| **Tier 1 Capital** | **1,104,812,775** |
| **b.Tier 2 Capital and a breakdown of its components** | |
| **Supplementary Capital (Tier 2)** | |
| General Loan provision | 85,806,934 |
| Additional loan loss provision | - |
| Hybrid capital instruments | - |
| Unsecured Subordinated Term Debt | - |
| Exchange Equalization Fund | - |
| Assets revaluation Fund (max. 2% of Supplementary capital is added automatically) | - |
| Investment adjustment Fund | - |
| **Tier 2 Capital** | **85,806,934** |
| **c. Deduction from Capital** | |
| Nil | |
| **d. Total Qualifying Capital** | |
| | **AMOUNT** |
| Tier 1 Capital | 1,104,812,775 |
| Tier 2 Capital | 85,806,934 |
| **Total Capital Fund (Tier 1 and Tier 2)** | **1,190,619,709** |
| **Risk Weighted Exposures** | **6,713,408,339** |
| **e. Capital Adequacy Ratio** | |
| | **AMOUNT** |
| Tier 1 Capital to Total Risk Weighted Exposures (After Bank's adjustments of Pillar II) | 16.46% |
| Tier 1 and Tier 2 Capital to Total Risk Weighted Exposure Ratio (After Bank's adjustments of Pillar II) | 17.73% |

## Statement of Distributable Profit or Loss

### For the year ended Ashad End 2080

| Particulars | ASHAD END 2080 | ASHAD END 2079 |
|---|---|---|
| **Net profit or (loss) as per statement of profit or loss** | **41,182,317** | **55,989,819** |
| ***Appropriations:*** | | |
| a. General reserve | (8,236,463) | (11,197,964) |
| b. Foreign exchange fluctuation fund | - | - |
| c. Capital redemption reserve | - | - |
| d. Corporate social responsibility fund | (411,823) | (559,898) |
| e. Employees' training fund | (1,686,267) | (1,316,668) |
| f. Other | | |
| Writeback from Corporate social responsibility fund | 1,581,893 | 674,485 |
| Deferred tax reserve added back to retained earning | 960,203 | - |
| Writeback from Employee's training fund | 599,400 | 832,779 |
| **Profit or (loss) before regulatory adjustment** | **33,989,260** | **44,422,553** |
| ***Regulatory adjustment :*** | | |
| a. Interest receivable (-)/previous accrued interest received (+) | (30,534,506) | (6,452,525) |
| b. Short loan loss provision in accounts (-)/reversal (+) | - | - |
| c. Short provision for possible losses on investment (-)/reversal (+) | - | - |
| d. Short loan loss provision on Non Banking Assets (-)/resersal (+) | - | 1,216,227 |
| e. Deferred tax assets recognised (-)/ reversal (+) | (6,914,576) | - |
| f. Goodwill recognised (-)/ impairment of Goodwill (+) | - | - |
| g. Bargain purchase gain recognised (-)/resersal (+) | - | - |
| h. Actuarial loss recognised (-)/reversal (+) | (2,633,551) | 1,612,246 |
| i. Other (+/-) | - | - |
| **Opening Retained Earning** | **50,650,223** | **106,765,649** |
| Less: Dividend distributed | (47,443,773) | (29,074,178) |
| Less: Bonus Share issued | - | (67,839,749) |
| **Distributable profit or (loss) as on year end date** | **(2,886,923)** | **50,650,223** |
| **DPS** | | |
| **Remaining balance of Retained Earnings** | **3,206,450** | **9,851,722** |
| **Annualised Profit/(Loss) per share** | **-0.30%** | **5.34%** |

## Principal Indicators

| FINANCIAL YEARS | | 2079-80 | 2078-79 | 2077-78 | 2076-77 | 2075/76 |
|---|---|---|---|---|---|---|
| Indicators | Unit | Amount | Amount | Amount | Amount | Amount |
| Adequacy of Capital Fund on Risk Weighted Assets | | | | | | |
| Core Capital | Percent | 16.46% | 21.09% | 25.03% | 25.44% | 26.08% |
| Total Capital Fund | Percent | 17.73% | 22.44% | 26.30% | 26.26% | 26.90% |
| Risk Weighted Exposure | NPR | 6,713,408,339 | 5,515,863,580 | 4,550,966,095 | 4,099,529,359 | 3,849,552,209 |
| Earning Per Share (Average share outstanding) | NPR | 4.34 | 5.90 | 12.40 | 10.49 | 10.57 |
| Market Value Per Share | NPR | 393.00 | 302 | 485 | 120.00 | 114.00 |
| Book Net Worth Per Share | NPR | 126.58 | 127.65 | 136.21 | 130.43 | 125.32 |
| Net Profit Per Staff | NPR | 260,647.58 | 405,723.33 | 895,136.43 | 872,261.72 | 906,230.74 |
| Per Employee Staff Cost | NPR | 570,205.94 | 621,597.88 | 608,121.48 | 510,810.41 | 435,385.92 |
| Number of Promotor Equity Shares | Nos. | 4,862,037.85 | 4,862,037.85 | 4,514,426.97 | 4,219,090.63 | 4,219,090.63 |
| Number of Public Equity Shares | Nos. | 4,626,716.74 | 4,626,716.74 | 4,295,930.12 | 4,014,887.96 | 4,014,887.96 |
| Number of Permanent Staffs | Nos. | 116.00 | 113 | 99 | 84.00 | 56.00 |
| Number of Branches | Nos. | 19.00 | 16 | 14 | 10.00 | 9.00 |
| Number of Extension Counters | Nos. | 1.00 | 1 | 1 | - | - |
| Number of ATM Machines | Nos. | 6.00 | 6 | 6 | 4.00 | 3.00 |
| Price Earning Ratio | Times | 90.55 | 51.19 | 39.11 | 11.44 | 10.79 |
| Dividend (including bonus) on Share Capital | Percent | - | 0 | 7.7 | 7.00 | 7.00 |
| Cash Dividend on Share Capital | Percent | - | 5 | 3.3 | 3.00 | 7.00 |
| Net Profit / Gross Income | Percent | 4.33 | 7.27 | 16.29 | 14.16 | 16.26 |
| Net Profit / Loans and Advances | Percent | 0.79 | 1.06 | 2.58 | 2.42 | 2.73 |
| Return on Total Assets | Percent | 0.50 | 0.71 | 1.6 | 1.53 | 1.84 |
| Return on Equity | Percent | 3.43 | 4.62 | 9.10 | 8.04 | 8.43 |
| Interest Income / Loans and Advances | Percent | 16.34 | 12.31 | 11.93 | 16 | 15.54 |
| Exchange Gain / Total Income | Percent | - | 0.00 | 0.00 | 0.00 | 0.00 |
| Interest Expenses / Total Deposits and Borrowings | Percent | 9.41 | 7.69 | 7.19 | 8.02 | 8.58 |
| Total Operating Expenses / Total Assets | Percent | 1.97 | 1.95 | 1.79 | 1.78 | 1.86 |
| Staff Expenses / Total Operating Expenses | Percent | 51.64 | 49.77 | 49.20 | 58.36 | 58.13 |
| Staff Bonus / Total Staff Expenses | Percent | 7.18 | 11.53 | 22.04 | 15.73 | 18.70 |
| Total Credit / Deposits | Percent | 74.58 | 83.23 | 81.27 | 78.87 | 87.41 |
| Non-Performing Loans / Total Loans | Percent | 4.77 | 2.59 | 1.72 | 1.73 | 1.14 |
| Base Rate | Percent | 13.01 | 11.98 | 9.01 | 11.02 | 13.26 |
| Weighted Average Interest Rate Spread | Percent | 4.59 | 4.92 | 4.9 | 4.97 | 4.82 |
| Institutional Deposit/Total Deposit | Percent | | 9.38 | | | |
| CRR | Percent | 4.63 | 4.94 | 4.93 | 7.15 | 5.67 |

## Statement of Comprehensive Income

### For the year ended Ashad End 2080

| Particulars | ASHAD END 2080 | ASHAD END 2079 |
|---|---|---|
| **Profit for the year** | **41,182,317** | **55,989,819** |
| **Other comprehensive income, net of income tax** | | |
| **a) Items that will not be reclassified to profit or loss** | | |
| Gains/(Losses) from investments in equity instruments measured at fair value | (1,820,962) | (24,764,683) |
| Gains/(Losses) on revaluation | - | - |
| Actuarial gain/(loss) on defined benefit plans | (3,762,215) | 2,303,209 |
| Income tax relating to above terms | 1,674,953 | 6,738,442 |
| **Net other comprehensive income that will not be reclassified to profit or loss** | **(3,908,224)** | **(15,723,032)** |
| **b) Items that are or may be reclassified to profit or loss** | | |
| Gains/(Losses) on cash flow hedge | - | - |
| Exchange gains/(losses) arising from translating financial assets of foreign operation | - | - |
| Income tax relating to above terms | - | - |
| Reclassify to profit or loss | - | - |
| **Net other comprehensive income that are or may be reclassified to profit or loss** | - | - |
| **c) Share of other comprehensive income of associate accounted as per equited method** | - | - |
| **Other comprehensive income for the year, net of income tax** | (3,908,224) | (15,723,032) |
| **Total comprehensive income for the period** | **37,274,093** | **40,266,787** |
| **Total comprehensive income attributable to:** | | |
| Equity holders of the bank | 37,274,093 | 40,266,787 |
| Non-controlling interest | - | - |
| **Total comprehensive income for the period** | **37,274,093** | **40,266,787** |

## Statement of Change In Equity

### For the Ashad End 2080

| Particulars | Share Capital | General Reserve | Share Premium | Regulatory Reserve | Fair Value Reserve | Revaluation Reserve | Retained Earning | Other Reserve | Total |
|---|---|---|---|---|---|---|---|---|---|
| **Balance as at Shrawan 1, 2079** | **948,875,459** | **168,342,036** | **442,546** | **23,334,029** | **20,393,576** | **-** | **50,650,223** | **(800,174)** | **1,211,237,695** |
| **Comprehensive income for the year** | | | | | | | | | - |
| **Profit for the year** | | | | | | | **41,182,317** | - | **41,182,317** |
| **Other Comprehensive income, net of tax** | | | | | | | - | - | - |
| Gains/(losses) from investments in equity instruments measured at fair value | | | | | (1,274,673) | | - | - | **(1,274,673)** |
| Gains/(losses) on revaluation | | | | | | | - | - | - |
| Actuarial gains/(losses) on defined benefit plans | | | | | | | - | (2,633,551) | **(2,633,551)** |
| **Total comprehensive income for the year** | | | | | | | - | - | - |
| Transfer to reserve during the year | | 8,236,463 | | 40,082,633 | - | | (43,502,610) | 2,098,090 | **6,914,576** |
| Transfer from reserve during the year | | | | | - | | (4,733,283) | (2,181,293) | (6,914,576) |
| **Transactions with owners, directly recognised in equity** | | | | | | | - | - | - |
| Right shares issued | | | | | | | - | - | - |
| Share issue expenses | | | | | | | - | - | - |
| Bonus shares issued | - | | | | | | - | - | - |
| Cash dividend paid | | | | | | | (47,443,773) | - | **(47,443,773)** |
| Others | | | | | | | 960,203 | (960,203) | - |
| **Total contributions by and distributions** | | | | | | | - | - | - |
| **Balance as at Ashad end, 2080** | **948,875,459** | **176,578,499** | **442,546** | **63,416,662** | **19,118,903** | **-** | **(2,886,923)** | **(4,477,131)** | **1,201,068,015** |

प्रभाव दैनिक

## रूपशाला

### बाल मनोविज्ञानको 'सारंग'

बाल मनोविज्ञानको कथामा फिल्म 'सारङ्ग' निर्माण हुने भएको छ । बिहीबार राजधानीमा एक कार्यक्रमकाबीच फिल्म घोषणा भएको हो । प्रशान्त तामाङको लेखन तथा निर्देशन रहने फिल्ममा ऋचा शर्मा,उत्पल झा, समीर मणि दीक्षित, सुरज तमु, मणि के राई, अनिषा न्यौपाने, निरज ब्ल्याक, दीपिका थापा, सुमन सागर जङ्ग केसीका अलवा बालकलाकारद्वय सम्राट थापा र आदित्य कार्कीले अभिनय रहनेछ । कार्यक्रमका कान्जिरोवा नेसनल स्कुलका प्रिन्सिपल रञ्जित थापाले 'सारङ्ग' ले आममानिसमा मनोरञ्जनका साथै यथेष्ट सूचना प्रदान गर्दै बालबालिकाप्रति गर्नुपर्ने ब्यबहार तथा जिम्मेवारी बोध गराउने बताए ।



शुक्रबार ३०, चैत २०८० (Friday, April 12, 2024)

# प्रज्ञा पुरस्कार-२०८० बाट
# ११ स्रष्टा सम्मानित

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल प्रज्ञा-प्रतिष्ठानले विभिन्न ११ विशिष्ट स्रष्टाहरूलाई सम्मानित गरेको छ । प्रज्ञा प्रतिष्ठानले राजधानीमा आयोजित एक समारोहबीच प्रज्ञा पुरस्कार-२०८० बाट विभिन्न विधाका ११ स्रष्टाहरूलाई जनही १ लाख रूपैयाँ राशिसहितको पुरस्कारबाट सम्मानित गरिएको हो । कुलपति भूपाल राईको अध्यक्षतामा आयोजित एक समारोहबीच सम्मानित व्यक्तित्वहरूलाई पुरस्कार अर्पण गरिएको थियो ।



पुरस्कृत हुने खगेन्द्र सङ्ग्रौलालाई प्रज्ञा अनुवाद पुरस्कार, मोहनविक्रम सिंहलाई प्रज्ञा दर्शन पुरस्कार, शान्ता श्रेष्ठलाई प्रज्ञा सामाजिकशास्त्र पुरस्कार, घनश्याम शर्मा पौडेललाई प्रज्ञा संस्कृति, लोकवार्ता तथा मौखिक इतिहास पुरस्कार, कृष्ण गौतमलाई प्रज्ञा समालोचना तथा साहित्येतिहास पुरस्कारबाट सम्मानित भएका छन् ।

त्यस्तै प्रा.डा.देवीप्रसाद गौतमलाई प्रज्ञा भाषा पुरस्कार, बम देवानलाई प्रज्ञा साहित्य पुरस्कार (पद्य), राजवलाई प्रज्ञा साहित्य पुरस्कार (गद्य), गङ्गा कर्माचार्यलाई प्रज्ञा बाल पुरस्कार, प्रज्ञा मातृभाषा साहित्य (हिमाली/पहाडी) पुरस्कार, डा. योगेन्द्र प्रधान र पदम विश्वकर्मालाई प्रज्ञा अन्तर्देशीय पुरस्कार अर्पण गरेका छन् । प्रज्ञा मातृभाषा पुरस्कार (तराई/मधेस) बाट भने बेचन उराँव यसअघि नै पुरस्कृत भइसकेका छन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै कुलपति राईले विशिष्ट स्रष्टाहरूलाई पुरस्कृत गर्न पाउँदा गौरवान्वित रहेको जनाउँदै प्रज्ञा-प्रतिष्ठानलाई सबैको साझा थलोको रूपमा आफूले अघि बढाउने बताए । कार्यक्रममा पुरस्कृत व्यक्तित्वहरूले पनि आ-आफ्नो धारणा राखेका थिए भने प्रज्ञा-प्रतिष्ठानका उपकुलपति विमलकृष्ण श्रेष्ठ 'विमल निभा'ले स्वागत मन्तव्य राखेको उक्त कार्यक्रमको सञ्चालन सदस्य सचिव डा. धनप्रसाद सुवेदीले गरेका थिए ।

# क्षेत्रीको अध्यक्षतामा संगीतकर्मी संघको दोहोरी विशेष समिति गठन

**काठमाडौं (प्रस) –** राष्ट्रिय संगीतकर्मी संघको लोक दोहोरी विशेष समिति गठन भएको छ । बुधबार गायक शंकर क्षेत्रीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको हो ।

उक्त समितिको वरिष्ठ उपाध्यक्षमा हरिमाया रायमाझी, महिला उपाध्यक्षमा निरु शर्मा, उपाध्यक्षमा जिपी सुनदास र नवराज काप्री, महासचिवमा शिशिर शर्मा, सचिवमा विकास परियार, कोषाध्यक्षमा पुजा क्षेत्री निर्विरोध निर्वाचित भएका छन् । त्यस्तै सहसचिवमा सागर राई, सह कोषाध्यक्षमा सरिता थापा मागर चयन भएका छन् ।



समितिको प्रवक्तामा सविता परियार निर्वाचति हुँदा आरके गैरे, रिता कार्की, दिपक दर्जी, विक्रम कार्की, विष्णु बराल, श्रृष्टी शर्मा र रञ्जित विश्वकर्मा सदस्यमा निर्वाचित भएका छन ।

राष्ट्रिय संगीतकर्मी संघका कार्यबाहक अध्यक्ष प्रकाश कटुवालको उपस्थितिमा भएको उक्त कार्यक्रममा कटुवालले कलाकारको हकहितको लागि उक्त समिती गठन गरिएको बताए । कार्यक्रममा लोक दोहोरी कलाकारहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

# रोजिना र प्रशान्तको 'मुटु भित्रै' सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं –** भ्वाइस अफ नेपाल सिजन ५ को चर्चित जोडी रोजिना बस्नेत र प्रशान्त शिवाकोटीको स्वर रहेको गीत 'मुटु भित्रै' सार्वजनिक गरिएको छ । राजधानीमा आयोजित एक कार्यक्रमका बिच सार्वजनिक गरिएको गीतको अडियोमा संगीतकार योगेन्द्र उपाध्यायको संगीत र डा. बिनु बाबा अर्यालको शब्द रहेको छ ।

कार्यक्रममा संगीत उत्पादक संघ नेपालका अध्यक्ष सुर्य एक्चै मगर, चलचित्र पत्रकार संघका उपाध्यक्ष कुबेर गिरी, बरिष्ठ गायक जगदिश समाल, गीतकार अर्याल, संगीतकार उपाध्याय र गायिका बस्नेतले गीतको अडियो र भिडियो सार्वजनिक गरेका हुन् । संगीतकार उपाध्यायकै निर्देशन रहेको गीतको भिडियोमा गायक गायिका नै फिचर्ड छन् भने निरज भुषालको छायाँकन र पुरुषोत्तम कँडेलको सम्पादन रहेको छ ।

कार्यक्रममा बोल्दै गायक समालले संगीतकार उपाध्यायको सृजनाको प्रसंसा गरे । उपाध्यायले स्तरिय संगीत सृजना गर्दै आएको भन्दै उनले कतिपय गीतहरू आफुलाई समेत लोभलाग्दा रहेको बताए । यस्तै संगीत उत्पादक संघ नेपालका अध्यक्ष मगरले योगेन्द्र जस्तै सक्रिय संगीतकारका कारण नेपाली संगीत क्षेत्र चलायमान रहेको बताए । उनले संगीतमा माष्टर गरेका योगेन्द्रको श्रृजनाले नेपाली संगीतको श्रीबृद्धिमा समेत भूमिका खेल्ने विश्वास लिए । यस्तै चलचित्र पत्रकार संघका उपाध्यक्ष गिरीले उपाध्यायका अन्य सृजना जस्तै यो गीत पनि उत्कृष्ट रहेको बताए । उनले गीत समिक्षात्कम रूपमा राम्रो रहेको भन्दै ब्यवसायिक रूपमा पनि सफल हुने विश्वास लिए । कार्यक्रममा संगीतकार उपाध्यायले गीतको बारेमा प्रकाश पारेका थिए ।

कार्यक्रममा बोल्दै रोजिना र प्रशान्तको जोडीको युगल गायनको समेत अतिथीहरूले प्रसंसा गरेका छन् । उनीहरूले दुबै कलाकारको गायकीको तारिफ गरे । कार्यक्रममा गायिका बस्नेतले आफुले राम्रो संगीतमा स्वर दिन पाएको भन्दै दर्शकको माया पनि पाउने अपेक्षा गरिन । यस्तै गीतकार अर्यालले योगेन्द्रको संगीतमा नेपाली पनको आभाष रहने भएकोले पनि आफ्नो पहिलो रोजाई उनै हुने गरेको बताइन् ।

## रंगशाला

# राष्ट्रपति रनिङ सिल्डमा ६ सय ८६ खेलाडीले प्रतिस्पर्धा गर्ने



■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय खेलकुद परिषद् (राखेप) को आयोजनामा हुने १४ औं केन्द्र स्तरीय राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगितामा सातै प्रदेशबाट ६ सय ८६ खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन् । प्रतियोगिता बारे जानकारी गराउन त्रिपुरेश्वरस्थित राखेपमा आयोजित पत्रकार सम्मेलनमा वैशाख ४ देखि ६ गतेसम्म हुने प्रतियोगितामा ६ सय ८६ खेलाडी सहभागी हुने जानकारी गराइयो । विभिन्न ६ खेलमा ६६ स्वर्णका लागि प्रतिस्पर्धा हुनेछ ।

युवा तथा खेलकुद मन्त्रालयको तत्वावधानमा हुने प्रतियोगितामा एथलेटिक्स, भलिबल, कबडी, कराते, तेक्वान्दो र उसु खेलको प्रतिस्पर्धा हुनेछ । एथलेटिक्स त्रिपुरेश्वरस्थित दशरथ रंगशाला, भलिबल राखेपको कभर्डहल, कबडी लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्र, कराते सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसर हातामा अवस्थित कराते हल, तेक्वान्दो सातदोबाटोस्थित तेक्वान्दो हल र उसु त्रिपुरेश्वरस्थित राखेपको सेमी कभर्डहलमा हुनेछ ।

एथलेटिक्सको छात्र/छात्रामा समान १३-१३ गरी २६ स्वर्ण, कराते, तेक्वान्दो र उसुको छात्र/छात्रामा समान ६-६ गरी ३६ स्वर्ण तथा भलिबल र कबडीको छात्र/छात्रमा समान १/१ गरी ४ स्वर्णका लागि प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा वैशाख ४ गते उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।

प्रतियोगिताको कुल नगद पुरस्कार राशि ११ लाख ५२ हजार रूपैयाँ रहेको छ । प्रत्येक खेलको हरेक स्पर्धामा शीर्ष तीन स्थान हात पार्ने खेलाडीलाई नगद पुरस्कार प्रदान गरिने छ । समग्रमा टिम च्याम्पियनको उपाधि हात पार्ने टोलीलाई नगदसहित नयाँ रनिङ सिल्ड प्रदान गरिने छ । लुम्बिनी प्रदेशले यसअघिका लगातार तीन संस्करणको उपाधि जित्दै रनिङ सिल्ड आफ्नै बनाइसकेकाले यसपल्ट नयाँ रनिङ सिल्ड पनि तयार गरिएको छ । नयाँ रनिङ सिल्डको राखेपका सदस्य-सचिव टंकलाल घिसिङले पत्रकार सम्मेलनमा सार्वजनिक गरे ।

समग्रमा उपविजेता र तेश्रो हुने टिमलाई पनि नगद पुरस्कारसहित ट्रफी प्रदान गरिने छ । जुनियर राष्ट्रिय कीर्तिमानका लागि नगद १५ हजार पुरस्कारको व्यवस्था गरिएको छ ।

नेपाल सरकारबाट प्रतियोगिताका लागि १ करोड ५० लाख रूपैयाँ विनियोजन भएको छ । राखेपअन्तर्गत खेलकुद प्रतियोगिता तथा योजना विभागका प्रमुख मीनकुमार शर्माले गत वर्षको भन्दा बजेट ३५ लाख रूपैयाँ बढी हो । सदस्य-सचिव घिसिङले स्थानीय तह, ७७ जिल्ला र सातै प्रदेशमा छनोट प्रतियोगिता सम्पन्न भई हुन लागेको केन्द्र स्तरीय प्रतियोगिता जुनियर स्तरको सबै भन्दा ठुलो प्रतियोगिता हो भन्ने स्थापित गर्न जरुरी रहेको बताए ।

**अन्तरप्रदेश खेलकुद**

# भलिबलमा गण्डकी दोहोरो उपाधिनजिक

■ प्रभाव संवाददाता

**चितवन–** अन्तरप्रदेश खेलकुदअन्तर्गत भलिबलमा गण्डकी प्रदेशको महिला र पुरुष दुवै टोली फाइनलमा प्रवेश गरेको छ ।

बिहीबार भएको महिलातर्फको सेमिफाइनल खेलमा गण्डकी प्रदेशले लुम्बिनी प्रदेशलाई ३-१ सेटले हराउँदै फाइनलमा स्थान बनाएको हो । महिलाको पहिलो सेमिफाइनलमा गण्डकीले २६-२४, २५-२०, ११-२५ र २५-१४ को जित निकाल्यो ।

दोस्रो सेमिफाइनलमा बागमतीले कर्णाली प्रदेशलाई सोझो सेटमा हराउँदै फाइनलमा स्थान बनायो । बागमतीले २५-१०, २५-९ र २५-१७ को जित निकाल्यो । पुरुषको पहिलो सेमिफाइनलमा कोशीले कर्णाली प्रदेशलाई ३-१ सेटमा हराउँदै फाइनलमा स्थान बनायो। कोशीले २१-२५, २५-१९, २५-१६ र २५-२० को जित निकाल्यो । दोस्रो सेमिफाइनलमा गण्डकी प्रदेशले सुदूरपश्चिमलाई ३-१ सेटले हराउँदै फाइनलमा स्थान बनायो । गण्डकीले २२-२५, २५-१७, २५-१९ र २५-२० को जित निकाल्यो ।



प्रतियोगिताअन्तर्गत महिला र पुरुषतर्फको दुवै फाइनल खेल शुक्रबार हुनेछ । त्यसै दिन तेस्रो स्थानका लागि पनि खेल हुनेछ ।

**आईडब्लुएफ वर्ल्ड कप**

# थाइल्यान्डमा सागरको ३ राष्ट्रिय कीर्तिमान

■ प्रभाव संवाददाता

**काठमाडौं–** थाइल्यान्डको फुकेटमा भएको आईडब्लुएफ वर्ल्ड कपमा नेपाली भारोत्तोलन खेलाडी सागर भण्डारीले ३ नयाँ राष्ट्रिय कीर्तिमान बनाएका छन् ।

पुरुष १०९ केजीमाथि तौल समूहमा सागरले ३ राष्ट्रिय कीर्तिमान रचेको नेपाल भारोत्तोलन संघका अध्यक्ष राम श्रेष्ठले जनाएका छन् ।




सागरले स्न्याचमा १३४ केजी, क्लिन एन्ड जर्कमा १७२ केजी र कुलमा ३०६ केजी भार वहन गर्दै आफ्नै नाममा रहेको तीनै राष्ट्रिय कीर्तिमानमा सुधार गरेका हुन् ।

सागरको नाममा स्न्याच १३३ केजी, क्लिन एन्ड जर्कमा १७१ केजी र कुलमा ३०३ केजीको राष्ट्रिय कीर्तिमान थियो। स्न्याच र कुलमा सागरले १९ औं एसियाली खेलकुदमा राष्ट्रिय कीर्तिमान बनाएका थिए ।

क्लिन एन्ड जर्कको राष्ट्रिय कीर्तिमान सागरले उज्बेकिस्तानमा भएको एसियाली भारोत्तोलन च्याम्पियनसिपमा रचेका थिए ।

# दक्षिण कोरियाको राष्ट्रिय सभा निर्वाचनमा विपक्षी दललाई बहुमत



**सियोल (दक्षिण कोरिया)–** दक्षिण कोरियाको प्रमुख विपक्षी दल डेमोक्रेटिक पार्टी (डिपी) ले राष्ट्रिय सभा चुनावमा बहुमत प्राप्त गरेको छ । डिपीले सत्तारुढ पिपुल पावर पार्टी (पिपिपी) लाई पछि पार्दै विजय हासिल गरेको हो । यस चुनावी नतिजाले पिपिपीका तर्फबाट राष्ट्रपति भएका युन सुक योललाई पनि समस्यामा पारेको छ ।

निर्वाचनमा प्रत्यक्षतर्फका २५४ सिटमध्ये डिपीले १६१ सिटमा जित हासिल गरेको छ भने सत्तारुढ पिपिपीले ९० सिटमात्र जित्न सफल भएको छ । समानुपातिकसमेतका सिटहरू समावेश गर्दा विपक्षी डिपीले राष्ट्रिय सभामा १७५ सिट जितेको छ । यसैगरी पिपिपीलगायतका गठबन्धन पार्टीले १०८ सिट प्राप्त गरेको छ ।

योन्हाप समाचार एजेन्सीका अनुसार भ्रष्टाचार आरोपमा मुछिएका पूर्वन्यायमन्त्री चो कुक नेतृत्वको रिबिल्डिङ कोरिया पार्टीले १२ समानुपातिक सिट र पिपिपीका पूर्वनेता ली जुन-सिओकको नेतृत्वमा रहेको न्यु रिफर्म पार्टीले दुई स्थान जित्न सफल भएको छ । चार वर्षअघि भएको चुनावमा सहयोगी दलसमेतको सहयोगमा डिपीले १८० सिट जितेको थियो भने पिपिपीले १०३ सिट जितेको थियो ।

चुनावका लागि योग्य चार करोड ८२ लाख कूल मतदातामध्ये ६७ प्रतिशतले मतदान गरेको स्रोतले जनाएको छ । दक्षिण कोरियाली निर्वाचन आयोगका अनुसार विगत ३२ वर्षयताकै यो सबैभन्दा बढी मतदान हो । चुनावी नतिजापछि पिपिपीका नेता हान डोङ-हूनले जनताको इच्छालाई गम्भीरतापूर्वक स्वीकार गर्दै पदबाट राजीनामा दिएका छन् । *रासस⁄एएनआई*

# मंगोलियाको जिडिपी ४.१ प्रतिशत बढ्ने प्रक्षेपण

**उलानबटोर–** मंगोलियाको कुल गार्हस्थ उत्पादन (जिडिपी) सन् २०२४ मा ४.१ प्रतिशतले बढ्ने अनुमान गरेको छ । एसियाली विकास बैंक (एडिबी)का अनुसार मंगोलियाको जिडिपी यो सन् २०२३ मा सात प्रतिशतले वृद्धि भएको थियो ।

सन् २०२४ मा खानी र उच्च सरकारी लगानीका कारण आर्थिक वृद्धिमा केही टेवा पुग्ने छ । तर मंगोलियामा यस वर्ष चिसोका कारण कृषि क्षेत्रमा संकुचन आउने अनुमान एडिबीले गरेको छ । प्रतिवेदनमा, बैंकले सन् २०२५ मा मंगोलियाको जिडिपी वृद्धि छ प्रतिशतमा पुग्ने अनुमान गरेको छ । जुन कृषि क्षेत्रको सुधार, खानी विस्तार र सेवाहरूको वृद्धिबाट सम्भव हुने छ । सन् २०२३ मा मंगोलियाली अर्थतन्त्र बलियो देखिएको बताउँदै यही प्रवृत्ति जारी रहने मंगोलियाका लागि एडिबीका निर्देशक श्यानन काउलिनले बताए ।

'यस वर्ष, मौसम-सिर्जित प्रकोपबाट आर्थिक वृद्धि प्रभावित भई कृषि क्षेत्रमा उल्लेखनीय असर पारेको छ । अप्रिलको सुरुसम्ममा ६० लाखभन्दा बढी गाईवस्तु मरेका छन् भने यो संख्या बढ्ने क्रममा रहेको छ,' उनले उल्लेख गरेका छन् । *रासस⁄सिन्ह्वा*

# म्यान्मारद्वारा झण्डै नौ अर्ब डलरका सामान निर्यात

**यांगुन–** म्यान्मारको वाणिज्य मन्त्रालयले आर्थिक वर्ष सन् २०२३⁄२४ मा म्यान्मारले आठ अर्ब ८० करोड अमेरिकी डलर बराबरको कारखानाबाट उत्पादित सामान निर्यात गरेको जनाएको छ ।

यद्यपि यो निर्यात अघिल्लो आर्थिक वर्ष सन् २०२२⁄२३ को तुलनामा केही कमी हो । मन्त्रालयका अनुसार सन् २०२२⁄२३ मा म्यान्मारले १० अर्ब ९४ करोड डलर बराबरका सामान निर्यात गरेको थियो ।

मन्त्रालयका अनुसार सरकारी क्षेत्रबाट तीन अर्ब ३० करोड तथा निजी क्षेत्रका उपक्रमबाट पाँच अर्ब ५० करोड अमेरिकी डलर बराबरको निर्यात भएको छ । सन् २०२३-२४ मा सबै किसिमका सामानको कूल निर्यात भने १४ अर्ब ६० करोड डलर बराबर भएको मन्त्रालयको भनाइ छ ।

म्यान्मारले कारखानाबाट उत्पादित सामग्री र कृषि उत्पादनबाट सर्वाधिक बढी वैदेशिक मुद्रा आय गर्दछ । म्यान्मारले कृषि, पशु, खनिज, वन्यजन्य समेतका वस्तुहरू चीन, थाइल्यान्ड, बंगलादेश र भारततर्फ सबैभन्दा बढी निकासी गरिरहेको छ । *रासस⁄सिन्ह्वा*

# भारतमा बस दुर्घटना ६ जना स्कुले बालबालिकाको मृत्यु




**नयाँदिल्ली–** भारतको उत्तरी राज्य हरियाणामा बिहीबार स्कुल बस दुर्घटना हुँदा त्यसमा सवार छ जना विद्यार्थीको मृत्यु हुनुका साथै एक दर्जनभन्दा बढी घाइते भएको स्थानीय प्रहरीले जनाएको छ । जिएल पब्लिक स्कुलका करिब ४० जना विद्यार्थी बोकेको बस कानिना क्षेत्रमा दुर्घटना भएको थियो । प्रारम्भिक रिपोर्टमा ड्राइभरले गाडी उच्च गतिमा लापरवाहीपूर्ण रूपमा चलाएका कारण दुर्घटना भएको जनाइएको छ ।

एक मिडिया रिपोर्टमा बसका घाइते बच्चालाई उद्धृत गर्दै बस चालकले मदिरा सेवन गरी तीव्र गतिमा बस चलाएका बताएको छ । निर्दोष बालबालिकाको मृत्युले सम्पूर्ण कानिना क्षेत्रबासी गहिरो शोकमा छन् । हरियाणा राज्यका मुख्यमन्त्री नायब सिंह सैनीले मानवीय क्षतिप्रति दुःख व्यक्त गर्दै सन्तान गुमाउने परिवारप्रति सहानुभूतिसहित घाइतेको स्वास्थ्यलाभको कामना गरेका छन् । *रासस⁄सिन्ह्वा*

# पाकिस्तानमा ट्रक दुर्घटना, १७ जनाको मृत्यु



**इस्लामावाद–** पाकिस्तानको दक्षिणपश्चिम बलुचिस्तान प्रान्तको हब जिल्लामा भएको ट्रक दुर्घटनामा १७ जनाको मृत्यु हुनुका साथै ३५ जना घाइते भएको स्थानीय उद्धार सेवाले बिहीबार पुष्टि गरेको छ ।

हब जिल्लाको गुलाम हुसेन चत्ता क्षेत्रमा धार्मिक तीर्थयात्रीहरू बोकेको ट्रक बुधबार राति दुर्घटनामा परेको उद्धार सेवाका स्थानीय प्रतिनिधि अब्दुल हकिमले जानकारी दिए ।

उच्च गतिका कारण चालकले गाडीको नियन्त्रण गुमाउँदा उक्त घटना भएको पनि हकिमले घाइतेको भनाइ उद्धृत गर्दै बताए । दुर्घटनाको जानकारी पाएलगत्तै उद्धारकर्मीहरू घटनास्थलमा पुगी घाइतेहरूको उद्धार गरी स्थानीय अस्पतालमा लगेका थिए । कतिपय गम्भीर घाइतेलाई थप उपचारका लागि दक्षिणी बन्दरगाह शहर कराँची लगिएको छ । तीर्थयात्री बोकेको ट्रक सिन्ध प्रान्तको थट्टा जिल्लाबाट बलुचिस्तानको खुजदार जिल्लातर्फ जाँदै थियो ।

सवारीसाधनको मर्मतसम्भारमा लापरवाही, भत्किएका सडक र सडक सुरक्षामा लापरवाहीका कारण पाकिस्तानमा बर्सेनि ठूलो संख्यामा सवारी दुर्घटना हुने गरेका छन् । *रासस⁄सिन्ह्वा*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TOP COAT SALON FOR LADIES

पूर्व स्वीकृति मिति २०८०/१०/०९ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२९ LT N :298652 चलानी नं. ६०२१३६४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician/hairstylist/manicurist/pedicurist/henna | 0 | 15 | 140 | ६०,५८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 0 | 5 | 90 | ३८,९४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ७ गते (19th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००⁄- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075
Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RABOUA AL-SAMMAN CONTRACTING EST

पुर्व स्वीकृति मिति २०८०/१२/२० पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२९ LT. No. 302947 चलानी नं. ६०२१७७८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 8 | 0 | 2500 | ८८,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ७ गते (19th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००⁄- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८
Kapeel Manpower Pvt. Ltd.
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## साउदी/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : NATIONAL BASICS COMPANY LTD.

पूर्व स्वीकृति मिति २०८०/०७/०२ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२९ LT. No. 294112 चलानी नं. ६०२१७७७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 8 | 0 | 1800 | ६३,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००⁄- कामदार आफैंले सेवा शुल्क: १०,०००

कम्पनी : VISI L.A SECURITY FORCE SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/२६ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२९ LT. No. 277497 चलानी नं. ६०१९३१५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 3 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ७ गते (19th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००⁄- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम ईजाजत नं. ५७४⁄०६२⁄०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WIN AMPHIBIOUS GENERAL SECURITY GUARD SERVICES L.L.C

पूर्व स्वीकृति मिति २०८०/१२/२८ LT. No. 303382 चलानी नं.६०२१८२१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 0 | 1000 | ३६,६६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guard | 20 | 0 | 1600 | ५८,६६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ७ गते (19th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००⁄- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1514/074/075
BON MANPOWER PVT.LTD.
Sinamangal 9, Kathmandu, Nepal, Tel: +977-1-4479751, 4479851, Mobile Number- 9841144866, 9867438859,9817554717, 9803960700 Email: bonmanpower1@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : K-FORCE SECURITY SERVICES SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/०१/१४ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२९ LT. No. 285313 चलानी नं. ६०२००७४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 65 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: सी.पी. होटल, बिर्तामोड १, झापामा मिति: २०८१ वैशाख ७ गते (19th April 2024) मा हुनेछ ।
झापाको लागि सम्पर्क: ९८०७९६३७९५, ९८०७९६३७९७, ९८५२६७४८०९, ९८५२६७४८१०

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००⁄- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क⁄-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AMCON OVERSEAS PVT LTD श्रम ईजाजत नं. ६८४⁄०६३⁄०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८⁄९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १३६६०० | प्रति तोला – १३५९५० | प्रति तोला – १७०० |

## माथिल्लो अरूण र दूधकोशी अघि बढाउनेबारे छलफल

■ प्रभाव संवाददाता



**काठमाडौं** – सरकार र दुई ठूला जलविद्युत आयोजना माथिल्लो अरुण र दूधकोशीका प्रमुख वित्तिय व्यवस्थापक विश्व बैंक र एसियाली विकास बैंकबीच आयोजना निर्माणको काम छिटो थाल्ने सहमति भएको छ ।

अर्थमन्त्री वर्षमान पुन, ऊर्जामन्त्री शक्तिबहादुर बस्नेत, अर्थ मन्त्रालयका सचिव (राजश्व) डा. रामप्रसाद घिमिरे, ऊर्जासचिव सुशीलचन्द्र तिवारी, नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, विश्व बैंकका नेपाल, माल्दिभ्स र श्रीलंका हेर्ने निर्देशक फारिस हजाद जर्भोस (भर्चुअल रूपमा) तथा एसियाली विकास बैंकका नेपाल निर्देशक अर्नाउड काउचियोसबीच बिहीबार अर्थ मन्त्रालयमा भएको छलफलमा दुवै आयोजनाको वित्तिय व्यवस्थापन छिटो सकेर निर्माणको काम अघि बढाउने सहमति भएको हो । छलफलमा आयोजनाको वित्तिय व्यवस्थापन र आयोजना कार्यान्वयनको क्षमता अभिवृद्धबारे विस्तृतमा छलफल भएको थियो । छलफलमा दुवै आयोजनाको पूर्वतयारीका लागि सम्पन्न गरिएका कामबारे प्रस्तुति गरिएको थियो ।

संखुवासभाको भोटखोला गाउँपालिकामा निर्माण हुने १ हजार ६३ मेगावाटको अर्धजलासययुक्त माथिल्लो अरुणको विश्व बैंक र खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बूको सिमानामा पर्ने दूधकोशी नदीस्थित रभुँवाघाटबाट निर्माण हुने ६ सय ३५ मेगावाटको जलासययुक्त दूधकोशी जलविद्युत आयोजनाको एसियाली विकास बैंक नेतृत्वको सहवित्तीयकरणमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाको सहुलियतपूर्ण ऋण र स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट गरी ७० प्रतिशत ऋण लगानी जुटाउनुका साथै ३० प्रतिशत स्वपुँजी (इक्विटी) बाट वित्तीय व्यवस्थापन गर्ने तयारी छ ।

बैठकमा आयोजनास्थलमा जारी निर्माण पूर्वका तयारी कार्यबारे अवगत गराइएको थियो । आयोजना प्रवर्द्धक नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनी माथिल्लो अरुण हाइड्रो-इलेक्ट्रिक लिमिटेडले आगामी सन् २०२६ को सुरुबाटै आयोजना निर्माण थालिने बताएको छ । आयोजना निर्माणका लागि अनुमानित पाँच वर्षको समयसीमा तोकिएको छ । माथिल्लो अरुणको पूर्वतयारीस्वरूप २ किलोमिटर सुरुङ मार्ग र २१ किलोमिटर पहुँच मार्ग निर्माणको काम अघि बढेको छ । जग्गा प्राप्ति र मुआब्जा वितरण करिब सकिएको छ ।

विद्युतको उच्च माग हुने हिउँदको ६ महिना दैनिक ६ घण्टा पूर्ण क्षमतामा सञ्चालन गरिने माथिल्लो अरुण नेपालकै गेमचेन्जर आयोजना हो । सो आयोजनाबाट वार्षिक चार अर्ब ५३ करोड युनिट ऊर्जा उत्पादन हुनेछ । उत्पादित विद्युत ६ किलोमिटर ४ सय केभीको प्रसारण लाइनमार्फत् संखुवासभाको हाइटारमा नयाँ बन्ने सबस्टेसनमार्फत् राष्ट्रिय प्रसारण प्रणालीमा जोडिनेछ ।

## ‘नेपालको अर्थतन्त्र ३.६ प्रतिशतले वृद्धि हुन्छ’

■ प्रभाव संवाददाता




**काठमाडौं–** एसियाली विकास बैंक (एडिबी)ले आर्थिक वर्ष २०८०/८१ मा नेपालको अर्थतन्त्र ३ दशमलव ६ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरेको छ । यसअघि विश्व बैंकले चालु आर्थिक वर्षमा ३ दशमलव ३ प्रतिशतले नेपालको अर्थतन्त्र वृद्धि हुने प्रक्षेपण गरेको थियो ।

बैंकले यहाँ पत्रकार सम्मेलन गरी आफ्नो प्रकाशन ‘एसियन डेभलपमेन्ट आउटलुक’ (एसियाली विकास परिदृष्य) २०८० सार्वजनिक गर्दै गत आर्थिक वर्ष २०७९/८० को तुलनामा १ दशमलव ९ प्रतिशतले वृद्धि भई नेपाली अर्थतन्त्र क्रमशः सुधारको बाटोमा अघि बढेको जनाएको छ । नेपाल सरकारको मौद्रिक नीतिमा क्रमिकरूपमा लचकता अपनाउँदै उपभोक्ता र लगानीकर्ताको विश्वास जित्ने र पछिल्लो छ महिनामा पुँजीगत खर्चमा तीव्रता दिने नीतिगत व्यवस्थाका कारण अर्थतन्त्र क्रमशः सुधारको दिशामा अघि बढेको बैंकले स्पष्ट गरेको छ ।

बैंकले कर्जा क्षेत्रमा देखिएको सहजता, ब्याजदरमा आएको गिरावट, पर्यटन तथा कृषि क्षेत्रको सुधार एवं निर्माणाधीन केही महत्वपूर्ण जलविद्युत् परियोजनाको उत्पादन सुरु भएसँगै औद्योगिक क्षेत्रमा परेको सकारात्मक प्रभावका कारण नेपालको अर्थतन्त्र सुधारोन्मुख रहेको बताएको छ ।

कार्यक्रममा एडिबी नेपालका प्रमुख अर्थशास्त्री इयान हासिनले विश्वअर्थतन्त्रमा देखिएको शिथिलतका कारण नेपालको अर्थतन्त्रमा महत्वपूर्ण योगदान रहेको पर्यटन तथा विप्रेषण क्षेत्र प्रभावित हुनसक्ने जोखिम रहेको चर्चा गर्दै गरिबी निवारण, जलवायु परिवर्तन, ऊर्जा क्षेत्रसहित समृद्ध एवं समावेशी नेपालका पक्षमा सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

एडिबी नेपालका वरिष्ठ अर्थशास्त्री मानवर खड्काले पछिल्लो समय दक्षिण एसियाली मुलुकअन्तर्गत भारत र बंगलादेश उच्च आर्थिक वृद्धिदर हासिल गर्न सफल भएको जानकारी दिँदै बाँकी अन्य देशको तुलनामा नेपालको अर्थतन्त्र सन्तोषजनक रहेको बताए ।

एडिबीका वरिष्ठ अर्थशास्त्री समीर खतिवडाले बाह्य लगानीमा भर नपरी विकास निर्माणसहित पुँजीगत खर्चको व्यवस्था देश स्वयंले गर्नुपर्ने धारणा व्यक्त गर्दै नतिजामुखी नीतिनियमसहित संरचनागत रूपान्तरणतर्फ नेपालको ध्यान जानुपर्ने सुझाव दिए ।

बैंकले पेट्रोलियम पदार्थको मूल्यमा देखिएको गिरावट र भारतको मुद्रास्फीति न्यूनीकरणसँगै नेपालको औसत मुद्रास्फीति गत आर्थिक वर्षको ७ दशमलव ७ को तुलनामा चालु आर्थिक वर्षमा ६ दशमलव ५ प्रतिशतमा झर्ने प्रक्षेपण गरेको छ । यसैगरी चालु आर्थिक वर्षको बाँकी अवधिमा उच्च आयात र स्थिर विप्रेषण आप्रवाहले आर्थिक वर्ष २०८०/८१ मा चालु खाता घाटा कूल ग्राहस्थ उत्पादनको शून्य दशमलव ७ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ ।

## कर्पोरेट

### सानिमा जिआईसी इन्स्योरेन्सको साधारणसभा सम्पन्न




**काठमाडौं (प्रस)–** सानिमा जिआईसी इन्स्योरेन्स कम्पनीको छैठौं वार्षिक साधारण सभा सम्पन्न भएको छ । काठमाडौंमा सम्पन्न कम्पनीको छैठौ वार्षिक साधारण सभाले सञ्चालक समितिको तर्फबाट अध्यक्षले प्रस्तुत गर्ने आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन छलफल गरी पारित गरेकोछ । सानिमा जिआईसी इन्स्योरेन्सको लेखा परीक्षण प्रतिवेदन सहित आर्थिक वर्ष २०७९/ ०८० आषाढ मसान्तको वासलात, मिति २०७९/०४/१ गते देखि २०८०/०३/३१ गते सम्मको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरू छलफल गरी पारित गरेको छ ।

सभाले साविक जनरल इन्स्योरेन्स कम्पनी नेपालको लेखापरीक्षण प्रतिवेदन सहित आर्थिक वर्ष २०७९/०८० को वासलात, मिति २०७९/०४/०१ गते देखि २०७९/०७र०६ गते सम्मको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरू छलफल गरी पारित गरेको छ । सभाले कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८०/०८१ को लागि वाह्य लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने वर्तमान लेखापरीक्षक कानूनत पुनः नियुक्त हुन योग्य रहेको प्रस्ताव पारित गरेको छ ।

### कुमारी बैंकको आकर्षक क्यासब्याक अफर

**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेडले नयाँ वर्ष वि.सं. २०८१ को उपलक्ष्यमा विशेष क्यासब्याक अफर घोषणा गरेको छ । यस योजना अर्न्तगत पि.ओ.एस. भुक्तानी र अनलाइन कारोबारका लागि कुमारी बैंकको डेबिट वा क्रेडिट कार्ड प्रयोग गर्ने ग्राहकहरूले २०८१ रूपैंया वा कारोबार रकमको २५ प्रतिशत जुन रकम न्यून हुन्छ उक्त रकम फिर्ता पाउने छन् ।

क्यु.आर. भुक्तानी मार्फत कारोबार गर्ने मोबाइल बैंकिङ्ग प्रयोगकर्ताहरूले पनि यो आकर्षक क्यासब्याक अफरको फाइदा उठाउन सक्नेछन् । यो योजना २०८१ वैशाख १ गते बिहान ८:०० बजे देखि राति ११:५९ बजेसम्म लागु हुने बैंकले जनाएको छ भने तोकिएको समयावधिभित्र कारोबार गर्ने पहिलो चालिस जना कार्ड प्रयोगकर्ता र पहिलो चालिस जना मोबाइल बैंकिङ्ग प्रयोगकर्ताहरूले क्यासब्याक प्राप्त गर्न सक्नेछन् ।





कुमारी बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री राम चन्द्र खनालले यो विशेष अफरप्रति उत्साह व्यक्त गर्दै भने, ‘नयाँ वर्षको शुभारम्भमा हामी हाम्रा ग्राहकहरूलाई यो विशेष क्यासब्याक अफर प्रदान गरेर नयाँ वर्षको शुभकामना व्यक्त गर्न चाहन्छौं । यसले ग्राहकहरूमा डिजिटल भुक्तानी प्रणलीमा आवहद हुन प्रत्साहन गर्नेछ ।’

कुमारी बैंक पछिल्लो समयमा आफ्ना ग्राहकहरूलाई प्रोत्साहित गर्न, समय सापैक्षिक ग्राहकमूखी सेवाहरू प्रदान गर्न र वित्तीय समावेशीतालाई बढावा दिनको लागि प्रतिबद्ध रहेको देखिन्छ भने भुक्तानीका लागि डिजिटल माध्यममा जोडिन प्रोत्साहन गर्दै आएको छ। विगत २३ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१५ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ६७ शाखारहित बैंकिङ्ग ईकाईहरू मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरू प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरूमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरू गर्दै जाने प्रतिबद्धता जनाएको छ ।

### सिद्धार्थ बैंकको क्यालेन्डर सार्वजनिक

**काठमाडौं (प्रस)–** सिद्धार्थ बैंक लिमिटेडले नेपालको पर्यटनमा सहयोग पुऱ्याउने उद्देश्यका साथ २०८१ सालको क्यालेन्डर सार्वजनिक गरेको छ । क्यालेन्डरको मुख्य विषयवस्तु ‘नेपालको कम परिचित पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धन’ को साथै सो गन्तव्यहरूमा जिम्मेवारपूर्वक अन्वेषण गर्नु रहेको छ । बैंकले यस क्यालेन्डरको माध्यमबाट नेपालको सातै प्रदेशमा अवस्थित कम परिचित तर आकर्षक पर्यटकीय स्थलहरूको प्रवर्द्धन गर्ने प्रयास गरेको छ ।

क्यालेन्डरमा सोलुखुम्बु जिल्लामा अवस्थित दूधकुण्ड, पर्सा जिल्लामा अवस्थित घडिअर्वा पोखरी, दोलखा जिल्लामा अवस्थित सैलुङ्ग र च्छो-रोल्पा ताल, सिन्धुपाल्चोक जिल्लामा अवस्थित पाँच पोखरी, लम्जुङ्ग जिल्लामा अवस्थित भुजुङ्ग गाउँ, मनाङ्ग जिल्लामा अवस्थित नार फु उपत्यका, पूर्वी रुकुम जिल्लामा अवस्थित टकसेरा गाउँ, सल्यान जिल्लामा अवस्थित कुपिन्डे ताल, डोल्पा जिल्लामा अवस्थित अपर डोल्पा, बाजुरा जिल्लामा अवस्थित बडिमालिका र कञ्चनपुर




जिल्लामा अवस्थित शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज जस्ता मनमोहक पर्यटकीय गन्तव्यहरू समावेश गरिएको छ, जसले नेपालको प्राकृतिक र पुरातात्विक सौन्दर्यतालाई उजागर गर्दछ । बैंकको यस प्रयासले आन्तरिक तथा विदेशी पर्यटकहरूलाई नेपालका अति आकर्षक तर कम पहिचानमा रहेका पर्यटकीय गन्तव्यहरूको भ्रमण गरी पृथक् अनुभव प्राप्त गर्न उत्प्रेरित गर्नुका साथै नेपालको पर्यटन उद्योगको प्रवर्द्धनमा सहयोग पुऱ्याउने बैंकले विश्वास लिएको छ ।

## ठूलोखोला जलविद्युत् आयोजनाको सुरूङ र ‘सर्ज साफ्ट’ जोडियो

■ प्रभाव संवाददाता



**म्याग्दी–** म्याग्दीको रघुगङ्गा गाउँपालिका-८ मा निर्माणाधीन २१ दशमलव तीन मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजनाको मुख्य सुरुङ र ‘सर्ज साफ्ट’ जोडिएको छ ।

संयुक्त ऊर्जा लिमिटेड प्रवर्द्धक रहेको ठूलोखोलाको सुरमा भन्ने ठाउँमा ४३ दशमलव ३६ मिटर गहिरो सुरुङ बनाएर मुख्य सुरुङसँग जोड्ने कार्य गएराति सम्पन्न भएको हो । आयोजनाको सिभिल ठेकेदार साकुरा-पावर त्रिपल एसका आयोजना व्यवस्थापक शिवलाल चालिसेले सर्ज साफ्टको ‘ब्रेक थ्रु’ भएसँगै सुरुङ खन्ने सबै काम सकिएको बताए ।

‘सर्च साफ्टले सुरुङमा पानीको सतह व्यवस्थापन र चापलाई नियन्त्रण गर्न मद्दत गर्छ’, उनले भने, ‘आकस्मिक रूपमा विद्युत् गृह बन्द गर्नुपर्दा सुरुङबाट आएको पानीको चापलाई सर्च साफ्टले नियन्त्रण र सतह व्यवस्थापन गर्छ ।’ जलविद्युत् आयोजनाका लागि सर्ज साफ्टको ब्रेक थ्रू हुनुलाई एउटा महत्त्वपूर्ण उपलब्धि मानिएको चालिसेले बताए। तीन महिनाअघि जोडिएको फेदीखोलाको बाँधबाट छरीको आउटलेट जोड्ने दुई हजार सात सय मिटर मुख्य सुरुङलाई फिनिसिङ गर्ने काम भइरहेको छ । एक सय चार दशमलव १६ मिटर अग्लो भर्टिकल साफ्ट र चार सय ८३ मिटर पेनस्टक टनेल निर्माण सकिएको छ ।

विद्युत्गृहबाट आउटलेटको उचाइ तीन सय ५५ मिटर छ । आउटलेटबाट विद्युत्गृह जोड्ने एक हजार छ सय ४० मिटर पेनस्टक पाइप लाइनमध्ये सात सय मिटर जडान भइसकेको छ । पचासी प्रतिशत भौतिक प्रगति भएको उक्त आयोजनाको आगामी तीन महिनाभित्र पूर्वाधार निर्माणको काम सक्ने लक्ष्य छ ।

फेदीखोलामा बाँध, पानी थिग्राउने पोखरी र छरीमा विद्युत्गृह निर्माण अन्तिम चरणमा पुगेको छ । विद्युत्गृहको छाना छाएपछि जडान गर्ने जेनेरेटर र टर्वाइनलगायत उपकरण राख्ने ठाउँ तयार बनाइएको छ । आयोजनाका प्रमुख इन्जिनीयर रवीन्द्र हमालले हिमाली क्षेत्रको प्रतिकूल मौसम, भूगोल र प्राकृतिक विपद्का चुनौतीबीच निर्माणलाई तीव्रता दिइएको बताए । कुल रू तीन अर्ब ६० करोड लागत अनुमान गरिएको आयोजनाको प्रवर्द्धक कम्पनीको नेतृत्व गैरआवासीय नेपाली संघ (एनआरएनए)का अगुवा डा. बद्री केसीले गरेका छन् ।

नेपाल बैंक लिमिटेडको नेतृत्वमा राष्ट्रिय वाणिज्य बैंक, सिद्धार्थ बैंक र सिटिजन्स बैंकले आयोजनामा लगानी गरेका छन् । यस आयोजनामा गत असारमा आएको बाढीले बाँध नजिकै निर्माणाधीन डिसेन्डर (पानी थिग्राउने पोखरी) मा क्षति पुऱ्याएपछि निर्माण अवधि केही समय धकेलिएको थियो । आयोजनाबाट उत्पादन हुने विद्युत्लाई केन्द्रीय प्रसारण लाइनमा जोड्नका लागि आठ किलोमिटर दुई सय २० केभी क्षमताको प्रसारण लाइन निर्माणाधीन छ । बत्तीसमध्ये १४ वटा टावरको निर्माण सुरु भइसकेको निर्माण कम्पनीले जनाएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ